# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY




जेष्ठ पूर्णिमा

बाग्लुङ्, बेनी र गोरखाको बुद्ध पूर्णिमा महोत्सवको झलक


वर्ष- १६ अङ्क- २ वार्षिक रु. ५०/- मूल्य रु. ५/-

( समाचार अङ्क )


DHARMAKIRTI

Downloaded from http://www.dhamma.digital

सम्पादकीय

# बुद्धपूर्णिमा र भिक्षुहरूको मूल्यांकन

वर्षको एकपटक बुद्धपूर्णिमा आउने गर्छ । जिल्ला जिल्लाका विहारहरू भएका र नभएका ठाउँमा भिक्षुहरूको माग बढि छ । उनीहरूको भनाई अनुसार कमसे कम पंचशील प्रार्थना गराउनको लागि भए पनि भिक्षुको उपस्थिति हुनु पर्छ रे । कस्तो गजबको कुरो यो ? के भिक्षुको समक्ष नै शील प्रार्थना गर्नु पर्छ भन्ने नियम नै बनाइएको छ कि क्या हो ? यस्तो नियमलाई उपासक उपासिकाले बनाएको हो कि थेरवादी परम्पराले ल्याएको हो ? के शील पालन गर्ने आफूले होइन र ? आफुले शील पालन गर्ने भएपछि आफैले शील प्रार्थना गर्न किन नहुने ? शील भनेको त आफूले धारण र पालन गर्नु पर्ने अमूल्य नियम हो । यो कसैले दिए पछि मात्र लिने लेनदेनको वस्तु होइन । बुद्धको शिक्षा अनुसार शील भनेको बैशाख पूर्णिमाको दिनमा होस् वा अरु कुनै दिनमा होस् बुद्ध मूर्ति अगाडि वा आफ्नै कोठामा बसी "आज म पञ्चशील धारण र पालन गर्नेछु भनी अधिस्थान गरे पुग्छ । कुनै पनि कार्यक्रममा उपस्थित सबै सहभागीहरूले पञ्चशील प्रार्थना गर्न चाहन्छन् भने त्यस समयमा भिक्षु, भिक्षुणी (गुरुमां) वा एक उपासकले भए पनि पञ्चशील प्रार्थना गराउन सकिन्छ । यसमा कुनै आपत्ति मान्न पर्दैन । किनभने शील पालन त पञ्चशील प्रार्थना गराउने व्यक्तिमा मात्र होइन पञ्चशील पालन गर्ने व्यक्तिको आचरणमा पनि भर पर्छ । त्यसैले होला कल्याण मित्र सत्यनारायण गोयन्काजीले पनि ध्यान कार्यक्रम शुरु हुनु भन्दा पहिले योगीहरूलाई उहाँ आफैले पञ्चशील प्रार्थना गराउनु हुन्छ । यसरी शील भनेको शील प्रार्थना गर्ने व्यक्तिको सदाचारीमा भर पर्छ । जातक कथाहरू मध्ये कुकुर जातकमा कुकुरले राजालाई पञ्चशील प्रार्थना गराएको कुरोको उल्लेखले गर्दा गुरुमां र सदाचारी उपासक उपासिकाहरूले शील प्रार्थना गराउन नहुने कुरोलाई पनि खण्डन गरेको देखिन्छ ।

अब लागौं, भिक्षुहरूको मूल्यांकन कार्यतिर । बुद्ध पूर्णिमाको अवसरमा धेरै जसो स्थानहरूमा भिक्षुहरूको तर्फबाट धर्मदेशना सुन्ने माग गरिन्छ । तर काठमाडौंमा भिक्षुहरूको संख्या जम्मा ४०,५० जवान भन्दा बढि छैन । त्यसमध्ये पनि उपत्यका बाहिर गएर नेपाली भाषामा प्रवचन गर्न सक्ने भिक्षुहरूको संख्यामा धेरै नै कमी छ ।

एकपटक चैनपुरमा धर्म प्रचारका लागि दुई जवान भिक्षुहरू गएका थिए । तर चिठ्ठी आयो - त्यस्ता भिक्षुहरू पछि नपठाए पनि हुन्छ रे ।

पोखराबाट पनि खवर आयो - राम्ररी प्रवचन गर्न नसक्ने, महायान, हीनयान (थेरवाद) र वज्रयान विषयहरूमा ज्ञान नभएका भिक्षुहरूलाई नपठाए पनि हुन्छ रे ।

फेरि भोजपुरबाट टेलिफोनमा भन्दो रहेछ "भिक्षुहरू के काठमाडौंमा मात्र सुविधामुखी भएर बस्ने हो कि क्या हो ? यदि सुख सुविधा मात्र खोज्ने हो भने किन भिक्षु बनेको ?

यसपाली एकजना भिक्षु भोजपुर गएको थियो । तर धर्म प्रचारको लागि गएका भिक्षुलाई (टक्सारमा होइन) एक कप दूध र एक प्याकेट बिस्कुट दिई विहानको जलपानको गर्जो टारेछ ।

यसरी नै कुनै कुनै ठाउँमा त बिहानको आठ बजि सकेपछि बल्ल जलपान खुवाइन्छ । (अघिल्लो दिन दिउँसो बाह्र बजे देखिको खाली पेटमा)

यसरी दिनको एक पटक मात्र भोजन गराए पुग्ने, बेलुकी खानको प्रबन्ध मिलाइ राख्न नपर्ने, त्यो पनि सिर्फ एक जवान भिक्षुलाई बिहानको भोको पेटमा अलि सबेरै पेट भर्ने तरिकाले जलपान खुवाउनको लागि त्यति मुश्किल नै पर्ने अवस्था त आउँदैन होला जस्तो लाग्छ । त्यति खर्च गर्दा उहाँहरूको मितव्ययितामा कुनै हानी पनि हुँदैन होला जस्तो पनि लाग्छ । त्यो पनि बुद्ध पूर्णिमाको अवसरमा केही दिनको लागि आउनु भएका पाहुना भिक्षुलाई ।

बुद्धले भन्नुभएको छ, " अरूको दोष मात्र खोज्नु भन्दा आफुबाट अरूलाई केही गल्ती त हुन पुगेन ? भन्ने विषयमा सतर्क भइरहनु बुद्धिमानी हो" । त्यसैले खालि भिक्षुहरू काठमाडौंमा मात्र बसेर सुविधा मुखी बन्न खोज्यो भनेर गुनासो पोख्नु अगाडि भिक्षुहरू आफूकहाँ धर्म देशनाको लागि निमन्त्रणा गरेपछि उहाँहरूको आवश्यक सुविधा बारे लापर्वाही हुन नदिनु पनि बुद्धिमानी हुनेछ । अरूहरूको मात्र आलोचना मात्र गर्ने बानीले कहिले पनि शान्ति दिँदैन । पहिले आफ्नो मूल्यांकन गर्ने मानिस गल्ती रहित बनी सफल र शान्त व्यक्ति बन्न सक्नेछ । तर दु:खको कुरो यस्तो हुन सकिराखेको छैन । अन्तरमुखी नबनी बर्हिमुखी बन्दै अर्काको दोष खोतल्ने हाम्रो बानीले गर्दा आफूले चाहेर पनि हामीले शान्ति पाउन सकिराखेका छैनौं । फलस्वरूप शान्तिको आशाले भिक्षुहरूको तर्फबाट धर्मदेशना सुन्न चाहने उपासक उपासिकाहरू मध्ये धेरै जसोले नेवारी उखान "साया घा: कोखँ मस्यू"लाई चरितार्थ गर्नु भएको देखिन्छ । हुन त भिक्षुमा सहनशीलता हुनु पनि आवश्यक छ ।

तर जेहोस् भविष्यमा यस्ता समस्याहरूलाई यहाँहरू-बाट समाधान गर्ने जर्मको हुनेछ भन्ने आशा चाहिं राखेका छौं ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
**ज्ञानेन्द्र महर्जन**

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन- २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४२
नेपालसम्वत् १११८
इस्वीसम्वत् १९९८
बिक्रमसम्वत् २०५५

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |

# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
A BUDDHIST MONTHLY

June 1998

| | | | |
|---|---|---|---|
| वर्ष- १६ | अङ्क- २ | ज्यापुन्ही | २०५५ |




★ आँखा, कान, नाक, जिब्रो र छाला आदि यी पाँच इन्द्रियहरूले अनुभव गरिने रूप, शब्द, गन्ध, रस र स्पर्शद्वारा मानिसलाई जुन सुख प्राप्त हुन्छ, त्यसैलाई म विषयको विषालु मिठाई भन्दछु ।

★★★

★ यी विषयहरूको लागि नै एक राजा अर्को राजासंग, क्षेत्री क्षेत्रीसँग, वैश्य वैश्यसँग, आमा छोरासँग, छोरा आमासँग, बाबु छोरा सँग, बहिनी भाइसँग र मित्र मित्र संग लड्छन् । यी विषयहरूलाई लिएर के कस्तो काण्ड हुँदैनन् गालि झगडा हुन्छ, कुटाकुट हुन्छ, काटाकाट हुन्छ र मानिसहरू मारिन्छ पनि ।

(महादुक्खन्ध सुत्तंत)

Downloaded from http://www.dhamma.digital

# धम्मपद १०७-८

✍ रीना तुलाधर

**"सब्बे तसन्ति दण्डस्स - सब्बे भायान्ति मच्चुनो**
**अत्तानं उपमं कत्वा - न हनेय्य न घातये"**

**अर्थ-** "सबै प्राणीहरू दण्डदेखि डराउँछन् । सबै मृत्युदेखि डराउँछन् । त्यसकारण सबै प्राणीहरूलाई आफू समान ठानी घात नगर्नु, गर्न पनि नदिनु ।"

**घटना-**जेतवन महाविहारको कम्पाउण्डभित्र एउटा भवनमा एक समूह भिक्षुहरूले सफा गरीरहेका थिए । त्यो ६ जना भिक्षुहरूको समूह थियो र तिनीहरूलाई ६ वर्गीय भिक्षुहरू भनी चिनिन्थ्यो । तिनीहरूले भवन सफा गरेर त्यो ठाउँ नै उनीहरू ६ जनाको लागि ओगट्ने विचारले सफाईको काम गरीरहेका थिए ।

त्यही समय त्यहाँ १७ जना भिक्षुहरूको अर्को समूह आइपुग्यो । ती १७ जना भिक्षुहरूको समूहले आफूहरू ६ वर्गीय भिक्षुहरूभन्दा जेष्ठ भएको नाताले तिनीहरूको काममा बाधा पुऱ्याएर यसरी भने- "तिमीहरूभन्दा हामी जन्म र कर्मले जेष्ठ छौं । अतः तिमीहरूले हामीलाई सम्मान गर्नुपर्छ । यो ठाउँ हाम्रो लागि छोडी देउ । हामी यो ठाउँ ओगट्ने छौं । यसो गर्नबाट हामीलाई कसैले रोक्न सक्तैन ।"

आफूभन्दा जेष्ठ भिक्षुहरूलाई ती ६ वर्गीय भिक्षुहरूले तेरेनन् । उनीहरूको माग अनुसार गर्नु त कता उल्टो ती १७ जना भिक्षुहरूलाई उनीहरूले बेस्सरी पिटे । दुःखेर सहन नसकी नचिच्याएसम्म बेस्सरी पिटीरहे ।

दुइ समूह भिक्षुहरूको बिचमा भएको यो घटनाको बारेमा भगवान बुद्धले थाहा पाउनु भयो । भगवान बुद्धले भिक्षुहरूलाई गालि गर्नुभयो तर मैत्री भावले, नरम स्वरले । त्यहाँबाट पछि भिक्षुहरूले एक अर्कालाई कुट्नु, पिट्नु वा चोट पुऱ्याउनु हुन्न भन्ने नियम पनि बनाउनु भयो । यसरी शिक्षा र उपदेश दिनु हुँदै भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ■

**"सब्बे तसन्ति दण्डस्स - सब्बेसं जीवितं पियं**
**अत्तानं उपमं कत्वा - न हनेय्य न घातये ।"**

**अर्थ-** "सबै प्राणीहरू दण्डदेखि डराउँछन् । सबैलाई आफ्नो जिउको माया हुन्छ । सबै प्राणीहरूलाई आफू समान ठानी कसैलाई घाट नगर्नु घाट गर्न पनि नदिनु ।"

**घटना-** जेतवन महाविहारमा एक भवनको सम्बन्धमा ६ वर्गीय भिक्षुहरूको समूह र १७ जना भिक्षुहरूको समूहको बिचमा फेरि झगडा पऱ्यो । दुबै समूहले भवनको ठाउँ ओगट्न चाहे । त्यही कारणमा झगडा हुँदा पहिले नै भगवान बुद्धले भिक्षुहरूले एक आपसमा कुटाई गर्नु हुँदैन भन्ने नियम बनाई सक्नु भएको थियो । अतः तिनीहरूले त्यो नियम त पालना गरे तर एक आपसलाई विभिन्न डरलाग्दो मुद्रा गरेर तर्साए । तर्साउँदै डरले नचिच्याएसम्म तर्साए ।

भिक्षुहरूको बिचमा भएको यो झगडाको बारेमा भगवान बुद्धले सुन्नु भयो । त्यहाँबाट फेरि भगवान बुद्धले भिक्षुहरूले एक अर्कालाई तर्साउने काम गर्नु हुँदैन भन्ने नियम बनाउनु भयो र उपरोक्त गाथा भन्नुभयो ।" ■

**"जसले बुद्ध, धर्म तथा संघको शरण लिन जान्छ, जसले दुःख, दुःखको उत्पत्ति, दुःख निरोध र दुःख निरोध हुने आर्य अष्टांगिक मार्गलाई प्रज्ञा दृष्टिले हेरेको छ, उसको शरण नै रक्षादायक उत्तम शरण हो, यही शरण लिएर नै सबै तर हको दुःखबाट मुक्ति हुन्छ ।"**

**- धम्मपद**

**"रुपैयाँ पैसा वर्षेता पनि मानिसको काम तृष्णाहरू तृप्त हुन्दैनन्, पण्डितजनहरूले संसारिक काम भोगादिमा अल्पमात्र स्वाद छ उल्टो धेरै दुःख छ भन्ने जानेर काम सुखको इच्छा गर्दैनन्; सम्यक् सम्बुद्धका श्रावकहरू तृष्णा क्षय गर्नमा लाग्दछन् ।" - धम्मपद**



Downloaded from http://www.dhamma.digital

# थेरीगाथा-३

**मूल लेखक : भरतसिंह उपाध्याय**
*अनुवादिका :* **वीर्यवती**

**दोश्रो वर्ग**

**(१९) अभिरूपा नन्दा**

नन्दा कपिलवस्तु निवासी क्षेमक नाम गरेको शाक्य क्षत्रियकी पुत्री थिइन् । उनको वास्तविक नाम नन्दा भएपनि उनी राम्री र रुपवती भएकी हुनाले उनको नामको अगाडि "अभिरुपा" शब्द जोडिन पुग्यो । संयोगवश नन्दाको स्वयंवरको दिन उनको भावी श्रीमान् (चरदूत नाम गरेको शाक्य कुमार) को मृत्यु भएको थियो । त्यसकारण उनको आमा बुबाले उनको इच्छा बिना नै प्रब्रज्या गरिदिए । संघमा भित्रीसकेपछि पनि नन्दाको आफ्नो राम्रो र सुन्दर शरीर माथि अभिमान थियो । आफ्नो राम्रो, सुन्दर रुप देखी उनी आफै रमाइरहन्थी । बुद्धले बाह्य सौन्दर्यको दोषलाई औंल्याउनु हुने भएको हुँदा उनी भगवान् बुद्ध समक्ष जान हिचकिचाउने गर्थिन् । तैपनि भगवान् बुद्धलाई थाहा थियो, उनी ज्ञान प्राप्त गर्न सक्षम नारी थिईन् भन्ने कुरो । त्यसैले बुद्धले महाप्रजापती गौतमीलाई आज्ञा हुनुभयो- "सबै भिक्षुणीहरू क्रमबद्ध रुपले उपदेश सुन्नको लागि आउनु ।" तर नन्दाले आफु उपदेश सुन्न जाने पालो आएपछि आफु नगैकन अर्के एक भिक्षुणीलाई पठाइन् । भगवान् बुद्धले भन्नुभयो- "कोही पनि भिक्षुणीले आफ्नो पालोमा अरुलाई पठाउन मिल्दैन ।" त्यसैले बाध्य भई अभिरुपा नन्दा आफै बुद्ध समक्ष उपस्थित हुन पर्‍यो । शास्ताले आफ्नो लौकिक योगबलद्वारा अभिरुपा नन्दाको अगाडि उनीभन्दा रुपवती सुन्दरी नारी उत्पन्न गरेर देखाउनु भयो । फेरि त्यही सुन्दरी नारी बिस्तारै बुढी हुँदै गएकी र आखिरमा ती बुढीले आफ्नो शरीरलाई सम्हाल्न नसक्ने भई आफ्नो शरीर आफ्नो बसमा नभएको दुःखलाई प्रष्टाएर देखाउनु भयो । यो दृश्य देख्ने बित्तिकै नन्दाको रागयुक्त मन निन्द्राबाट ब्युँझे जस्तै भई संसारको यथार्थ स्वभावलाई बुझेर तर्सिन् । त्यसपछि सम्यक सम्बुद्धले नन्दालाई सम्बोधन गर्दै यस श्लोक आज्ञा हुनुभयो ।

- नन्दा ! अशुचि, दुर्गन्धले भरिएको, रोगको घर भइरहेको यस शरीरलाई तिमीले राम्ररी ध्यान दिई हेर्नु । एकाग्र भई समाधिनिष्ट चित्तको शान्तिले प्रतिष्ठित भई तिमीले अशुभ भावनामा मन लगाउनु ॥१९॥

सबै बस्तुलाई अनित्य, दुःख र अनात्म रुपमा हेर्ने अभ्यास गर्नु, तिमीले अहंकार रुपी चित्तको भित्री मललाई त्यागी अहंकारलाई राम्ररी जित्न सकेपछि तिमी शान्त र निर्मल चित्तले युक्त भई घुम्न सक्नेछौ ॥२०॥

पछि नन्दाले आफुले आफैलाई सम्बोधन गर्दै यही श्लोक पढिरहने गर्न थालिन् ।

**(२०) जयन्ती (जयन्ता)**

जयन्ती लिच्छवीको राजकुलमा जन्मेकी थिइन् । भगवान् बुद्धको धर्मोपदेश सुनी उनीले अर्हत्त्व प्राप्त गरिन् । उनीले त्यही आनन्दमा रम्दै यस श्लोक पढ्ने गर्न थालिन् ।

निर्वाण प्राप्त गर्ने मार्ग जस्तै यो सातवटा बोधिअंग हो । भगवान बुद्धको उपदेश अनुसार मैले ध्यान गरें ॥२१॥

मैले भगवानको दर्शन गरें, यो मेरो अन्तिम शरीर हो । आवागमन सिद्धिसकेको हुनाले मैले फेरि जन्म लिन पर्दैन ।

**(२१) सुमंगल माता**

सुमंगल माताको जन्म श्रावस्ती स्थित एक गरीबको कुलमा भएको थियो । उनको विवाह छाता बनाउने व्यक्तिसंग सुसम्पन्न भयो । फलस्वरूप उनीलाई सुमंगल भन्ने एक पुत्र लाभ भयो । त्यही बालक पछि प्रख्यात भिक्षु बन्न पुग्यो । पहिला सुमंगलमातालाई "कोही एक भिक्षुणी" को रुपमा चिनिन्थ्यो । पछि उनी सुमंगल स्थविरकी माता भनेर चिनिएपछि सबैले उनीलाई सुमंगल-माताको नाममा चिन्न थाले । भिक्षुणी भई सकेपछि एकदिन उनीले आफ्नो कष्टमय दारिद्रय पारिवारिक जीवनलाई सम्झी फेरि आफ्नो चित्त संयोग गर्दै पुरुषार्थपूर्वक ठूलो ज्ञान लाभ गरी यस उद्‌गार व्यक्त गर्न थालिन्-

"अहो ! म मुक्त भइसकेकी नारी । मेरो मुक्ति कति धन्य !

पहिले म ढिकी जाँतो गरिराख्ने नारी, अब म त्यस कार्यबाट मुक्त भएँ ।

मेरो स्वामीले बनाउने छाताको डण्डा भन्दा दुब्लो देखिने मेरो शरीर ॥२३॥

त्यस जीवनको आशक्तिरूपी कालो मनलाई त्यागी आज म यस रुख मुनि ध्यान गर्दै जीवन बिताई-रहेकी छु । अहो ! म कति सुखी ! म कति सुखपूर्वक ध्यानमा लीन भैरहेकी छु ॥२४॥ ■



Downloaded from http://www.dhamma.digital

स्थान परिचय

# रामग्राम

✍ **देवेन्द्र राज शाक्य, बुटवल**

रामग्राम स्तुप भगवान बुद्धको अस्थिधातु राखी निर्माण गरिएको आठवटा स्तुप मध्ये हालसम्म बाँकी रहेको एकमात्र स्तुप हो । रामग्राम भगवान बुद्धको आमा महारानी मायादेवीको जन्मस्थल पनि हो ।

लुम्बिनी अञ्चल, नवलपरासी जिल्लाको रामग्राम नगरपालिका वडा नं. ७ उज्जैनी स्थित रामग्राम स्तुप पुरातात्विक, धार्मिक एवं ऐतिहासिक दृष्टिले उत्यन्त महत्वपूर्ण छ ।

कुशीनगरमा भगवान बुद्धको महापरिनिर्वाण पछि विभिन्न देशका राजाहरू अस्थिधातु प्राप्तिका लागि जम्मा भए । सबैमा होडबाजी हुन थाल्यो । यस्तो नाजुक अवस्था देखि राजपरिवारका आचार्य द्रोणले उपस्थित सबैलाई संझाए- "हे क्षेत्रियजन, सबै प्राणिमा मैत्री र करूणाको सन्देश दिएर जाने भगवान बुद्धको अस्थिधातुको लागि आपसमा वैरभाव लिई, झगडा गरी रगत वगाउनु कुनै पनि हालतमा राम्रो कुरा होइन । त्यसैले उहाँ शाक्यमुनि बुद्धको अस्थिधातु उपस्थित सबैमा बराबर मात्रामा भाग लगाई बाँडी लिनु उचित हुनेछ । यसकारण यसलाई आठ भाग लगाऔं । आचार्य द्रोणको यस्तो न्याय संगत एवं धर्म संगत कुरामा सवैको चित्त बुझ्यो- सवैले सहमति जनाए । सो अनुसार अस्थिधातुलाई आठ भाग लगाइयो । जस अनुसार १. मगधका राजा अजातशत्रु २. बैशालीका लिच्छवी ३. कपिलवस्तुका शाक्य ४. अल्लकप्पका बुली ५. रामग्रामका कोलिय राजा ६. वेठदीपका ब्राह्मण ७. पावाका मल्ल राजा र ८. कुशीनगरका मल्ल राजाले आ-आफ्ना भागमा परेको अस्थिधातु लगि सो अस्थिधातु राखि स्तुप निर्माण गरे ।

पिप्पलिवनका मौर्यहरू पनि बुद्धको महापरि-निर्वाण भएको खवर सुनी अस्थिधातु लिन कुशीनगर आए तर सवै अस्थिधातु बाँडी सकेकोले खरानी भए पनि लिएर गई सो खरानी राखी स्तुप निर्माण गरे ।

मौर्य सम्राट अशोकले विभिन्न आठ स्थानमा राखिएको अस्थिधातु एकत्र गरी ती अस्थिधातु राखी ८४ हजार स्तुप निर्माण गर्ने योजना बनाए । सात स्थानबाट अस्थिधातु निकाले पछि आठौं अस्थिधातु निकाल्न रामग्राम आउँदा त्यहाँका नागराज एवं हात्तिहरूले सो स्तुपमा अगाध श्रद्धापूर्वक नित्य पूजाआजा गर्ने गरेको र तिनीहरूका तिव्र विरोधका कारण सो अस्थिधातु ननिकालिकन फर्किए । मानव शरीरमा ८४ हजार हाडका टुक्राहरू रहेको विश्वास अनुरूप सम्राट अशोकले हरेक स्तुपमा एक टुक्रा अस्थिधातु राख्न लगाई आफ्नो राज्यकालमा विभिन्न स्थानहरूमा ८४ हजार स्तुपहरू निर्माण गर्न लगाएका थिए (अशोकावदान: कुनालवदान) ।

प्रशिद्ध चिनिया बौद्ध तिर्थयात्री फा-दियान (यात्राकाल सन् ३९९-४१४) ले ५ औं शताब्दी तिर लुम्बिनीको भ्रमण गर्नुका साथै रामग्रामको पनि भ्रमण गरेका थिए । उनले आफ्नो यात्रा विवरणमा रामग्राम भगवान बुद्धको जन्म स्थल लुम्बिनीबाट ५ योजन (अन्दाजी ३५ माइल) पूर्व रहेको स्पष्ट उल्लेख गरेका छन् । अर्का चिनिया बौद्ध तिर्थयात्री हुयन-साङ (यात्राकाल: सन् ६२९-६५४) ले पनि ७ औं शताव्दी तिर लुम्बिनीको भ्रमण पश्चात सो स्थानबाट ३०० ली पूर्व रहेको रामग्रामको पनि भ्रमण गरेका थिए । उनले रामग्राम स्थित स्तुपमा जंगली हात्तीका बथानले नित्य पानीले धोई सफा गरी श्रद्धापूर्वक फूल चढाएको देखि आफू प्रभावित भएको उल्लेख आफ्नो यात्रा विवरणमा उल्लेख गरेका छन् ।

शताब्दीऔं सम्म विलुप्त रहेको रामग्राम सर्वप्रथम पत्ता लगाउने श्रेय डा. डब्लु. होइलाई जान्छ । उनले सन् १८९८ मा यसको पत्ता लगाएका थिए । हाल यसको गोलाई अन्दाजी ७० फिट (हुयन-साङको विवरण अनुसार १०० फिट गोलाई) र उचाई ३० फिट छ ।

आफ्नै देशमा रहेको पुरातात्विक एवं धार्मिक दृष्टिले अत्यन्त महत्वपूर्ण रहेको यस्तो अमूल्य सम्पत्तिको महत्व नबुझ्नु हाम्रो दुर्भाग्य हो । यसको महत्वलाई बुझी जापानी संस्था "बुशी-नो-कार्ड", जापानले यस स्थानमा बुद्धमूर्तिको स्थापना गरी त्यसको अगाडी एउटा स्तम्भ निर्माण गरी यस स्थानलाई दर्शनिय बनाउन योगदान पुऱ्याएको छ ।

पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण स्थान ओगटेको यस स्थानको उचित संरक्षण र आवश्यक मरम्मत संभार भएमा पर्यटकहरूको आगमनबाट यस क्षेत्रको आर्थिक वृद्धिमा समेत टेवा पुग्न जाने कुरामा शंका रहँदैन । तसर्थ सम्बन्धित निकायले यसमा ध्यान पुऱ्याई यसको संरक्षण र सम्वर्धनको लागि आवश्यक कदम चाल्न ढिलाई गर्नु हुँदैन ।

रामग्रामको भ्रमण गरौं, आन्तरिक पर्यटन बढाऔं । नेपाल भ्रमण वर्ष १९९८ सफल बनाऔं ।

**भवतु सब्ब मंगलं**



Downloaded from http://www.dhamma.digital

# शाक्य वंश र शाक्य सम्बत-एक चर्चा

✍ **कृष्ण कुमार प्रजापति**, नगदेश

मनुष्य जातिहरू जब एक ठाउँमा एकत्रित भएर समूहमा, समुदायमा बस्न रहन जान्यो थाल्यो, तबदेखि नै मानिसहरूको बीचमा व्यक्तिगत र सामूहिक समस्याहरू देखा पर्न थाले । ती समस्याहरूको निराकरण गरी सामाजिक सम्बन्धलाई गतिलो ढंगबाट व्यवस्थित गर्न एक जना "शासक" को आवश्यकता महशुस गरी सबै मिलि योग्य, कुशल व्यक्तिको छनौट गर्न थाले, जो व्यक्तिले सबैको चित्त बुझ्ने गरी शासन गर्न सकिन्छ । त्यसरी सवैको सहमतिबाट छनौट गरेका, योग्य, कुशल, सक्षम नेतृत्व दिने सक्ने मानिस(व्यक्ति) लाई नै "महासम्मत" भनियो । त्यही "महासम्मत" व्यक्तिलाई नै यस पृथ्वीको सबभन्दा पहिलो "शासक" भनियो र भयो ।

त्यही "महासम्मत" वंशमा एकजना महाप्रतापी राजा "ओक्काक"को जन्म भएको थियो, जसलाई राजा "इक्ष्वाकु" पनि भन्ने गर्दथ्यो । राजा ओक्काक सूर्य समान तेजस्वी भएकोले वहाँको वँशजहरूलाई "सूर्यवंशी" भन्ने चलन भए । ओक्काक (इक्ष्वाकु) राजाको श्रीमुखबाट ओवाद गर्दा, शब्द उच्चारण गर्दा र आदेश, हुकुम, उर्दी गर्ने बेलामा सूर्य समानको तेज (प्रकाश) प्रकट हुने भएकोले वहाँलाई "ओक्काक" भनी सम्बोधन गर्ने गर्दथ्यो । त्यस्ता तेजस्वी, महाप्रतापी राजा ओक्काककी महारानी "भत्ता" को तर्फबाट ५ जना राजकुमारीहरू (छोरीहरू) र ४ जना राजकुमारहरू (छोराहरू) को जन्म भएपछि महारानी भत्ताको देहावसान भयो । तत्पश्चात महाराज ओक्काकले अर्को तन्नेरी केटीसित विवाह गरी "अग्रराजमहिषि" को पदवि दिई राजदरवारमा भित्र्याएका थिए । तन्नेरी अग्रराज महिषिले बृद्ध महाराज ओक्काकसित आफ्नो तर्फबाट जन्मेका छोरालाई राज्यको उत्तराधिकारी घोषणा गर्नु पर्ने मांग गर्दा कामान्ध बृद्ध महाराजले स्विकार गरे, तर पछि शीर भुकाई पश्चाताप गरेको थियो ।

प्रथम स्वर्गीय महारानी भत्ताको तर्फबाट जन्मेका ५ जना छोरी राजकुमारीहरू प्रिया, सुप्रिया, आनन्दा, विजिता र विजितसेना र ४ जना छोरा राजकुमारहरू उल्कामुख, करण्डु, हस्तिनिका र सिनिसराहरूलाई देश-निकाला गरी पठाएका थिए । त्यसरी देश–निकाला गरी पठाए पछि ती नौ जना राजकुमार राजकुमारीहरूले सोचे कि सानी आमा महारानीको छोरा सित बुवाको, महाराजको राज्य अंश लिई भै भगडा गर्नु भन्दा हाम्रै पहल र पराक्रमी-पुरुषार्थी बाहुबलबाट अर्को छुट्टै राज्य स्थापना गर्ने अठोट र संकल्प गरे । त्यही संकल्पका साथ उनीहरू हिमवत् प्रदेश गई बोधिसत्व कपिलमुनि ऋषिको आश्रममा पुगी वहाँकै सल्लाह र सहमति अनुसार साल बृक्षको जंगल फडानी गरी "कपिलबस्ती" राजधानी बनाई नयाँ राज्य कायम गरी राज्य भोग गरेका थिए । राज्य ब्यवस्था मिलाई सकेपछि आफ्नो कूल, जातसित मिल्ने खालको कोही कन्या केटी पाउन सकिन्छ कि भनी आसपासको राज्यमा समेत खोज्न पठाएका थिए । तर उनीहरूको कूल, जात, वंश र रक्त सम्बन्धसित मिल्ने खालको पाउन नसकेपछि जेष्ठ दिदि राजकुमारी "प्रिया" लाई मातृ स्थानमा राखी अन्य चार बहिनी राजकुमारीहरूलाई चार दाजु राजकुमारहरूले विवाह गरी नयाँ राज्य स्थापना गरी कुशलतापूर्वक राज्य भोग गरी "सराहनीय शक्यता" प्रकट गरेका थिए । त्यसरी सराहनीय शक्यता प्रकट गरी साहसीकार्य गर्न सक्ने भएकोले उनीहरूलाई "शाक्य" भन्न थाल्यो । बेकुल र बेजातको रक्त समिश्रण भन्दा रक्त शुद्धि हुनु कल्याण सम्भी त्यसबेलाको जातीय र रक्त शुद्धिको परम्परालाई सुहाउँदो गरी ती राजकुमार राजकुमारीहरूले एकार्का बीचमा वैवाहिक प्रणयन सूत्रमा बाँधी राज्य भोग नयाँ पुरुषार्थ र पराक्रमी बाहुबलबाट प्रशंसनीय कार्य गरेकोले यो एउटा "सराहनीय पुरूषार्थको अर्थमा "शाक्य" हुन गएको छ, थियो । तसर्थ "शाक्य" पद र उपाधि बीर, पराक्रमी, पुरूषार्थ र बाहुबलको प्रतीक हो; चिन्ह थियो ।

"शाक्य" पदको अर्को पनि अर्थ थिए भनी पालि साहित्यमा उल्लेख गरेको पाईन्छ । बोधिसत्व कपिलमुनिले आश्रय जमाएको कपिलवस्ती जंगल भनेकै शाल बृक्ष (अग्राठ) को जंगल थिए । शालको रूखलाई पालि



Downloaded from http://www.dhamma.digital

भाषांबाट "सकरूक्खो" भनिन्छ । शक बृक्षको जंगल फडानी गरी "कपिलमुनि"को नामबाट बस्ती बसाली राज्य स्थापना गरेका राजाहरूको कुल वंशको आयु "शकबृक्ष" (साल बृक्ष) को आयु जस्तै दीर्घायु होस् भनी कामना गरी आफ्नो पुरूषार्थलाई सुहाउँदो गरी "शाक्य वंश" स्थापना गरेका थिए । शक बृक्ष (साल, अग्राठ) को आयु हजार वर्ष हुर्कने, हजार वर्ष लड्ने, हजार वर्ष पड्ने रहेको भन्ने बुझिन्छ । अर्थात शक बृक्ष एक हजार वर्षसम्म हुर्कन बढ्न सकिन्छ, भने एक हजार वर्षसम्म पानी भित्र या माटोमुनि गाडे तापनि कुहिन्दैन, मकिन्दैन । त्यस्तै शक बृक्ष काटि त्यसै चाङ्ग लगाएर राख्दा पनि एक हजार बर्षसम्म भासि मासिन्दैन । तसर्थ उनीहरूले आफ्नो सराहनीय शक्यता प्रकट गरी बनाएको राज्य र आफ्नो जात वंश परन्तुसम्म, चिरकालसम्म रही रहोस्, अजर अमर होस्, आफ्नो कुल वंश लोप नभई सदा स्थीर होस भन्ने अर्थमा "शाक्य" पद प्रचलनमा ल्याउने काम भयो । भनाई नै छ, आड भरोसा लिने भनेको नर्कट हैन शक बृक्षको लिनु पर्दछ । त्यसैले, शक बृक्ष (सालको अग्राठको रूख) को सन्दर्भमा आहानै छ, थियो:- "हजार वर्ष बढे, हजार वर्ष पडे, हजार वर्ष लडे ।" अत: त्यसको आयु जम्मा गर्दा तीन हजार वर्षको हुन्छ भने गुणनगर्दा (१०००X१०००X१०००) = १,००,००,००,००० वर्षको आयु हुने देखा पर्दछ । यो अलि अतिशयोक्ती जस्तै लाग्न सक्छ ।

जे होस् "शाक्य" पद र शब्दले पुरूषार्थी, बहादुरी र पराक्रमी बाहुबल धेरै कालसम्म रही रहोस्, दीर्घायु होस्, लाखौंलाख, हजारौं हजार बर्षसम्म रही रहोस् यो शाक्य जाति र वंश, जस्तो कि शक बृक्ष, शालको रूख जस्तै ।

सबभन्दा जेठी राजकुमारी "प्रिया", जसलाई मातृस्थानमा राखी व्यवहार गरेका थिए, उनी वाराणशीका राजा रामसित बिहे गरी कपिलवस्ती (कपिलवस्तु) राज्य को पूर्वी उतरी क्षेत्रमा नयाँ "कोलिय राज्य" स्थापना गरी त्यसको राजधानी "देवदह" बनाएका थिए । यी दुईटै राज्यका राजकुलहरू-शाक्य र कोलियहरू आ-आफ्नो रगत शुद्धताको बारेमा कट्टर र अभिमानी भएकाले अरू कोही कसैसित वैवाहिक सम्बन्ध गाँसी रक्त-मिश्रण गर्न चाहेका थिएनन् । यही रक्त शुद्धता पनि पछिसम्म कायम होस् भन्ने हेतुले कोलिय र शाक्यहरूको बीचमा वैवाहिक आदान-प्रदान गरी आएका, भै आएका थिए । रक्त मिश्रणबाट आफ्ना कुल वंशमा कुनै किसिमको कलंक नलागोस् भनी रक्त शुद्धता र अभिमानको कारणबाट मामा खलक र फुपूखलक बीचमा वैवाहिक आदान प्रदान गरी रक्त शुद्धता कायम गरी आएका थिए । मामाको छोरालाई फुपूकी छोरी; फुपूको छोरालाई मामाकी छोरी विवाह गरीदिने संस्कार र सँस्कृति नै कायम गरेका थिए । यस्ता चलन आजपनि हाम्रो देशमा तामाङ्गहरूमा थिए भने दक्षिण भारतमा अद्यपि चलि आएका छन् ।

शाक्य वंशमा "जयसेन" भन्ने एक अतिनै प्रतापी राजा भएका थिए । वहाँका एक सुपुत्र राजकुमार "सिंहहनु" र एक सुपुत्री राजकुमारी "यशोधरा" भएका थिए । त्यस्तै गरी सोही समयमा कोलिय राज्यका राजा देवदह शाक्यका पनि एक सुपुत्र राजकुमार "अञ्जन" र एक सुपुत्री राजकुमारी "कात्यायिनी" को जन्म भएका थिए । जयसेनका सुपुत्र सिंहहनुसित देवदह राजाका सुपुत्री कात्यायिनिको विवाह गरेका थिए भने अञ्जन राजकुमारसित यशोधराको विवाह भएका थिए । यसरी दुई राज्य वीचका कोलिय शाक्य र कपिलवस्ती शाक्यहरूमा वैवाहिक सम्बन्ध गाँसी रक्त शुद्धता कायम गरी आएका थिए । यसै सम्बन्धलाई "मामाचेला-फुपूचेली" भन्ने नेपाली उखान छ । कोलिय राजा अञ्जन र कपिलवस्ती नरेश सिंहहनु पनि जयसेन राजा जस्तै नै प्रतापी भएका थिए । ती दुवै राज्यका राजपुरोहित ब्राह्मण "असित कालदेवल" ऋषि थिए । त्यसबेला पनि एउटा अति नै प्राचीन "शाक्य सम्बत्" चलेका थिए । ८६४७ बर्षसम्म चलेको शाक्य सम्बतलाई कोलिय नरेश अञ्जनले आफ्नो राजपुरोहित ऋषि असित कालदेवलको सल्लाह र सहमतिमा उक्त सम्बतलाई बन्द गरी शुभ साईतमा पुन: नयाँ "महाशाक्य सम्बत" संचालन गरे, जुन सम्बत्लाई "अञ्जन सम्बत्" पनि भन्ने गर्दथ्यो । यही महाशाक्य सम्बत् संचालन गरेको दशौं बर्षको आषाढ (असार) पूर्णिमा, शनिबारका दिन कपिलवस्ती नरेश सिंहहनुका महारानी कात्यायिनीबाट



Downloaded from http://www.dhamma.digital

शुद्धोदन राजकुमारको जन्म भएको थियो । तत्पश्चात् धोतोदन शुक्कोदन र अमितोदन नाम गरेका तीन राजकुमारहरूको जन्म भएका थिए । महारानी कात्यायिनीको कोखबाट अमिता र पमिता नाम गरेका दुई राजकुमारीहरूको जन्म भएको थियो ।

उता कोलिय देशका राजा अञ्जनका महारानी यशोधराको कोखबाट महाशाक्य सम्बत् १२ सालमा "महामायादेवी" राजकुमारीको जन्म भएको थियो । त्यसपछि वहाँकै कोखबाट "प्रजापति गौतमी" र अन्य दुई राजकुमारहरू "दण्डपाणी र सुप्रबुद्ध"हरूको जन्म भएको थियो । उमेर भएपछि कपिलवस्तीका राजकुमार शुद्धोदनसित राजा अञ्जन र रानी यशोधरा पुत्री महामायादेवी र प्रजापति गौतमीको विवाह गरी दिएका थिए । त्यस्तै गरी राजकुमार सुप्रबुद्धले कपिलवस्ती नरेश पुत्री अमितासंग विवाह गरेका थिए । राजा शुद्धोदनको महारानी महामायादेवीको कोखबाट महाशाक्य सम्बत् ६७ सालको आषाढ पूर्णिमा बिहिबार गर्भवती भै महाशाक्य सम्बत ६८ को वैशाख पूर्णिमा शुक्रवारको दिनमा ऐतिहासिक पावन लुम्बिनी उपवनमा सिद्धार्थ गौतमको जन्म भएको थियो । सिद्धार्थ गौतमको जन्म भै सातौं दिनमा महामायादेवीको देहावसान भयो । तत्पश्चात सिद्धार्थ गौतमको हेरविचार सानी आमा महाप्रजापति गौतमीले गर्नु भएको थियो । वहाँनै सिद्धार्थ गौतमको कर्मको आमा बन्नु भएको थियो । महाप्रजापति गौतमीको नन्द र नन्दा नाम गरेका दुई वटा छोरा छोरी थिए ।

कोलिय नरेश सुप्रबुद्धका महारानी अमिताको गर्भबाट छोरी राजकुमारी "यशोधरा" र छोरा राजकुमार "देवदत्त" को जन्म भएको थियो । महाशाक्य सम्बत् ८४ सालमा राजकुमार सिद्धार्थको यशोधरा राजकुमारीसित विवाह भएको थियो । राजकुमार सिद्धार्थ गौतमले महाशाक्य सम्बत् ९७ सालको आषाढ पूर्णिमा सोमबारका दिन गृहत्याग गरी महाभिनिष्क्रमण कार्य गर्नु भएको हो । राजकुमार सिद्धार्थ गौतमले महाशाक्य सम्बत् १०३ सालको बैशाख पूर्णिमा बुधबारको दिनमा सम्वोधिलाभ (बुद्धत्व प्राप्ती) गर्नु भएको थियो भने तथागत सम्यक सम्बुद्धले ४५ वर्षसम्म विविध स्थानमा धर्म प्रचार गरी "चरथ भिक्खवे चारिकं" गरी ८० वर्षको उमेरमा महाशाक्य सम्बत् १४८ सालको बैशाख पूर्णिमा (पूष्प पूर्णिमा) मंगलबारकै दिनमा जन्म, जरा, ब्याधि र मरणबाट मुक्त "महापरि निर्वाण" हेतु प्राप्त गर्नु भएको थियो ।

अत: प्राचीन शाक्य सम्बत् ८,६४७ वर्षसम्म चलाई आएको उक्त सम्बत्‌लाई कोलिय देशका राजा अञ्जनले बन्द गरी सोही सालमा शुभ साईत जुराई नयाँ "महाशाक्य सम्बत्" शुभारम्भ गरी "अञ्जन युग" प्रारम्भ गरेको १४८ वर्ष पछि अर्थात महाशाक्य सम्बत् १४८ सालमा शान्तिका महानायक, करूणाका प्रतिमूर्ति तथागत, भगवान् गौतम बुद्धको महापरिनिर्वाण भएका जस्ता पुनित तिथि र दिन देखि उक्त सम्बतको सट्टा "बुद्ध सम्बत" (Buddha Era) को थालनी भयो र महाशाक्य सम्बत्‌को बिसौनी भयो । यसरी बुद्ध सम्बत्‌को थालनी भएको २५४२ वर्ष भयो । उक्त प्राचीन शाक्य सम्बत् देखि बुद्ध सम्बत्‌को हाल सम्मको वर्षलाई अटुट रूपमा गणना गर्दा (८६४७ शाक्य सम्बत)+१४८ महाशाक्य सम्बत+२५४२ बुद्ध सं.)=११,३३७ वर्षको ऐतिहासिक शाक्य वंश र जातिको उदय भएको तथ्य कथ्यद्वारा प्रमाणित भएको छ । त्यस्तै महाशाक्य सम्बत् शुभारम्भ र अञ्जन युगको शुत्रपात भएको २६९० वर्ष भै सक्यो । उक्त घटना र तथ्यले के सिद्ध हुन्छ भने शाक्य पद र शब्द साँच्चिकै शक बृक्षसित तुलना योग्य छ र बहादुरी र पुरूषार्थी जाति हो भन्ने कुरो वहाँहरूको ऐतिहासिक पुस्ताका बीर महापुरुष ब्यक्तित्वहरूको विवेचनाबाट पनि प्रष्टिन्छ ।

(प्रस्तुत लेख नेपालभाषाबाट प्रकाशित "नेपाल ऋतु-पौ" वर्ष ४५ अंक ८५" को पृष्ठ १२-१४ मा प्रकाशित भएको छ । लेखन मिति वि.सं. २०५३ चैत्र १०, आईतबार फाल्गुण पूर्णिमा (होलीपुन्ही) ■

**-: लोक-नीति :-**

**"विद्या भए तापनि, शिल्प भए तापनि त्यसलाई सानो भनि हेला नगर्नु, एउटा मात्र भए तापनि शुद्धरूपले जानिराखेको खण्डमा त्यसले आफ्नो जीविकाको लागि पर्याप्त कारण हुनेछ ।"**



Downloaded from http://www.dhamma.digital

# विश्व सम्पदा सूचिमा नेपाल र संरक्षण कार्यहरू

✍ प्रेमलाल चित्रकार

२०५४ सालको श्रावण महिनातिर नेपालको अखबारहरूमा "लुम्बिनी, भगवान बुद्धको जन्मस्थल" युनेस्कोको विश्व सम्पदा सूचिमा नामांकित हुने खवर छापिएको कुरो त सबैमा बिदितै होला । त्यसकारण यस्तो महत्वपूर्ण विषयबारे गरिएको घोषणाको दिनलाई आगामी वर्षहरू देखि नेपालीहरूको ठूलो चाडको रुपमा "लुम्बिनी दिवस" भनेर विभिन्न कार्यक्रमहरूको आयोजना गरी मनाउने र त्यही वर्ष देखि बुद्ध संदेशलाई नेपालको प्रत्येक गाउँ विकास समितिहरूमा पुऱ्याउन समेत म सबै नेपालीहरूलाई आह्वान पनि गर्न चाहन्छु ।

हालसम्म विश्व सम्पदा सूचीमा नामाङ्कित भैसकेका नेपालका सम्पदाहरूमा - स्वयम्भू क्षेत्र, चांगुनारायण क्षेत्र, बौद्ध क्षेत्र, पशुपतिनाथ क्षेत्र, भक्तपुर दरवार क्षेत्र, काठमाडौं दरवार क्षेत्र, ललितपुर दरवार क्षेत्र, शाही चितवन राष्ट्रिय निकुञ्ज क्षेत्र र सगरमाथा राष्ट्रिय निकुञ्ज क्षेत्र आदि परेका छन् ।

नेपाल एउटा सानो देश भए तापनि हाम्रा पुर्खाहरूमा भएका ज्ञान, शीप र सक्रियता आदिले गर्दा र हाम्रो आफ्नै सँस्कृति र सभ्यताको कारणले गर्दा विश्व सम्पदा सूचिमा नामांकित गर्न लायक अनेकन प्रकारका प्राकृतिक, साँस्कृतिक र धार्मिक सम्पदाहरू हामीसंग विद्यमान छन् । यी सबै हाम्रो देशको गौरबहरू हुन् । आजको हाम्रो पिंढीले हामीसंग भएका यी अमूल्य सम्पदाहरूलाई विश्व सम्पदा सूचिमा नामांकित गर्ने मात्र नभई यी सम्पदाहरूको संरक्षण र सम्बर्धन गर्ने जिम्मा पनि लिनु पर्ने हाम्रो दायित्वको कुरो हुन पुगेको छ । हामीसंग भएका अनेकन बहुमूल्य सम्पदाहरू मध्ये भगवान गौतम बुद्धको जीवनीसंग प्रत्यक्ष रूपमा गांसिएको कपिलवस्तु क्षेत्र, तिलौराकोट क्षेत्र, रामग्राम क्षेत्र र नवलपरासी क्षेत्र आदि पर्छन् ।

यी हाम्रा सम्पदाहरूलाई विश्व सम्पदा सूचिमा नामाङ्कित गर्न र गराउन अपनाउनु पर्ने प्रकृयागत कुराहरूलाई प्राथमिकताको आधारमा पूरा गर्न र तयार गर्न पुरातत्त्व विभागका सम्बन्धित सबैलाई विनम्र अनुरोध गर्न चाहन्छु । यसमा पुरातत्त्व विभागबाट कुनै किसिमको ढीलासुस्ती हुने छैन भन्ने विश्वास गर्छु ।

नेपालको प्राकृतिक, धार्मिक र साँस्कृतिक सम्पदाहरू हाम्रो आजको गौरव बनेका छन् । तर यी सम्पदाहरूको संरक्षण र सम्बर्धन कार्यहरू हामीबाट हुनुको बदला हामीले यिनीहरूका बिकृतिहरू ल्याउन थालिसकेका छौं । यी हाम्रा ठूलो कमजोड पक्षहरू हुन् । उदाहरणका लागि विश्व सम्पदा स्मारक भनी स्वयम्भूमा राखिएको स्मारकमा स्वयम्भू राख्नु पर्नेमा स्वयम्भू नाथ राखिएको पाइयो । यी अज्ञानबस सृजना भइएको विकृतीलाई पुरातत्त्व विभागबाट सच्याइनु जरूरी देखिन्छ ।

लुम्बिनीमा उत्खनन् कार्यहरू गरियो । तर उत्खनन् संरक्षण कार्य योजना भने तयार गरिएको देखिदैनन् । यसरी हामीले संरक्षण कार्यहरू गर्नमा प्रभावकारिता ल्याउन सकेनौं भने विश्व सम्पदा सूचिमा नामांकित हाम्रा अमूल्य सम्पदाहरूलाई जोखिमको स्थितिमा पुगेका सम्पदाहरूको सूचिमा पार्नु पर्ने स्थितिको सृजना हुन वेर लाग्दैन । त्यसकारण यस किसिमको स्थितिको श्रृजना हुन नपाउँदै हामीले हाम्रा भावी सन्ततीहरूलाई मार्ग दर्शन गरी हाम्रा सम्पदाहरूको संरक्षण गर्न सक्ने वातावरणको सृजना गर्नु हाम्रो कर्त्तब्य हुन आएको छ । त्यस्तै यसै वर्षदेखि विश्व सम्पदा सूचिमा नामांकन भएको "लुम्बिनी - भगवान बुद्धको जन्म स्थल" मा उत्खनन् कार्य पूरा गर्न गराउन, संरक्षण कार्यहरूको थालनी गर्न, सबै एक जुट भई लाग्न आह्वान गरौं । यस संरक्षण कार्यहरूलाई आगामी दिनहरूमा अगाडि बढाउन सबै महानुभावहरूसंग आवश्यक सहयोगको पनि माग गरौं । ■



Downloaded from http://www.dhamma.digital

# बुद्ध र पञ्चशील

✍ **मान बज्राचार्य**, बराह क्षेत्र-४ सुनसरी

राजा शुद्धोदन तथा मायादेवीको कोखबाट नेपालको लुम्बिनी सालवनमा सर्वार्थसिद्ध राजकुमारको जन्म भयो। लुम्बिनी वन्य भूमीको उत्खनन्मा भेट्टाइएका (इ.पू. ६२४ मा प्रसव वेदनाले गर्दा सालवृक्ष शाखालाई दाहिने हातले समाती उभिएकी मायादेवीको मूर्ति र कमल माथि उभिएर एउटा औंला ठडयाइरहेको शिशु सिद्धार्थ राजकुमारको शीला र अन्य खण्डहरू, अशोकस्तम्भ मन्दीर, तलाउ, स्तूप, विहार र आवास धर्मशालाले) त्यो अतितको इतिहास साक्षी बकिरहेको छ। हुनत नेपाल बौद्ध देश हो। बुद्ध हुने व्यक्तिको जन्म हाम्रो देशमा भएको हो। त्यस्तै उहाँले बुद्ध गयामा बुद्धत्व प्राप्त गर्नु भएकोले भारतले यसमा गर्व गर्छ। अझ बुद्धत्व प्राप्त गरी प्रथम धर्मोपदेश गरेको स्थान सारनाथ भएको र परिनिर्वाण कुशीनगरमा भएकोले भारतले बुद्धलाई हाम्रो हुन् भनी ठोकुवा गर्न खोज्दछ। बौद्धहरूको संख्याको अनुपातमा चीन, तिब्बत, जापान, श्रीलंका र थाइल्याण्ड आदि राष्ट्रले आफ्नो देशलाई बौद्ध देश बनाउन सफल छन्।

अन्तर्राष्ट्रले लुम्बिनीलाई विश्व सम्पदा मानिसकेको छ। सबैले लुम्बिनीको ऐतिहासिक, प्राचीन धार्मिक, साँस्कृतिक महत्वलाई मध्य नजर राखी योजनावद्ध विकासका लागि बजेट छुट्टाई आर्थिक स्रोतलाई अन्य क्षेत्रमा खर्च गरी उद्देश्य अनुरूप कार्य हुन नसकेकोमा दु:ख प्रकट गर्नु परेको छ। त्यति मात्र होइन, श्री ५ को सरकारको सम्बन्धित विभागको विश्वास नभएकोले विदेशीहरू स्वयं खटिएर आई आफ्ना तर्फबाट लगानी गरी निर्माणकार्य थालनी गरिराख्नु परेकोले नेपालीहरूका लागि लज्जास्पद कुरा हुन गएको छ।

जसरी नेपालीहरू प्रति अविश्वास गरी विदेशीहरूले नेपालको विकास कार्यमा सहायताको सदुपयोग स्वरूप आफैं लागीरहेका छन्, त्यसरी नै मानिसहरूले आफ्नो कर्मको सुधार आफैंले गर्न सक्नुपर्छ। अनाथपिण्डकको हृदयको निर्मलतालाई अन्दाज गरेर तथागतले उनको इच्छा पूर्तिका लागि भन्नु भएको कुरा बुद्ध अनुयायीहरूले मनन गरेर बुद्ध जन्मभूमी लुम्बिनीको विकास कार्यमा, नेपाललाई बौद्ध राष्ट्रको रूपमा श्रृङ्गार गर्न पञ्चशीलको पालना गर्न कटिबद्ध हुनु जरूरी देखिन्छ।

बुद्धले अनाथपिण्डकलाई धर्मदेशना गर्नुभएको कुरालाई हामीले सम्झन योग्य छ। जुन यसप्रकार छन्:

"संसारको श्रृष्टिकर्ता कुनै इश्वर होइन। यदि संसारको श्रृष्टिकर्ता इश्वर हो भने सबै प्राणीहरू चूप लागेर उनको इच्छाको अधिनमा बसे पनि भयो। यदि यस्तो हो भने त सबै प्राणीहरू कुम्हालेले बनाएका भाँडाहरू जस्तै भए। इश्वरले बनाएको संसारमा दु:ख, पीडा र आपत्तिहरू किन आए ? यदि संसारलाई इश्वरले श्रृष्टि गरेको होइन भने मात्र हामीले माथि आइपरेका सुख दु:खका कारणहरूलाई हामीले पत्ता लगाई स्वीकार गर्नुपर्छ। यी वास्तविकतालाई आधार बनाई बुद्धले मानिसलाई अन्धविश्वासको खाल्डोबाट निकाल्ने प्रयास गर्नुभएको छ। त्यसैले उनको सिद्धान्तलाई वर्तमान विश्वले अङ्गिकार गरेको छ।

बुद्धको सिद्धान्त वैज्ञानिक भएको हुनाले नै यसलाई वैज्ञानिक युगले महत्व दिएको छ। बुद्ध शिक्षामा शील सदाचारको सर्वोपरी स्थान छ। अत: बुद्ध अनुयायीहरूले शील पालना तर्फ ध्यान दिंदैनन् भने उनीहरू बुद्ध अनुयायी होइनन् शीर्फ आडम्बरी मात्र हुन्। ■

# मानिसको उद्देश्य

**- सारवती**

हरेक मानिसले आ-आफ्नो जीवनमा सफलता प्राप्त गर्न चाहन्छन्। प्राकृतिक नियम अनुसार सबै प्राणी जन्मेपछि एक दिन मर्नु पर्छ। जबसम्म संसारमा जन्म लिनु पर्छ, तबसम्म हामीलाई दु:खले छोड्दैन। तर मानिसले दु:खको कारणलाई बुझ्न सकेको खण्डमा दु:ख देखि डराउनु पर्दैन। किनभने प्राकृतिक नियम अनुसार राम्रो काम गरे राम्रै फल भोग्न पाइन्छ, नराम्रो काम गरे नराम्रै फल भोग्नु पर्ने हुन्छ। यस प्रकारको प्राकृतिक नियमलाई बुझे पछि मानिसले आफ्नो उद्देश्यलाई राम्ररी कोर्न सफल हुन्छन्।

उद्देश्य भन्ने बित्तिकै यसलाई पूरा गर्न त्यत्ति सजिलो छैन। उद्देश्य पूरा गर्नलाई मानिस सबभन्दा पहिले आत्मविश्वासी हुनुपर्छ, मिलनसार पनि हुनुपर्छ, र साथै परिश्रमी र मेहनती पनि हुन सक्नुपर्छ। आफूले सके जस्तो दीन दु:खीहरूलाई सहयोग पनि गर्नुपर्छ।

बुद्धले पनि आफ्नो उद्देश्य बुद्धत्व प्राप्त नगरीकन आशनबाट नउठ्ने प्रण गर्नुभए जस्तै आफ्नो मेहनत र लगनशीलतालाई अगाडि सारी बुद्धत्व प्राप्त गरी छोड्नुभयो। किनभने बुद्धले भन्नुभएको छ, "विरयवतो किं नाम असाधियं ... अर्थात् मेहनत गरेपछि जे पनि काम गर्न सकिन्छ।"

यसरी नै हामीले पनि बुद्धले भन्नुभए जस्तै चतुआर्य सत्य ज्ञानलाई बुझी दु:खबाट मुक्त हुने मार्ग निर्वाण प्राप्त गर्ने उद्देश्यलाई पूरा गर्न मेहनती बन्नु परेको छ। यही नै मानिसहरूको उद्देश्य हो। ■



Downloaded from http://www.dhamma.digital

**भगवान बुद्धको शिक्षा मध्यम मार्ग**

२०५४ चैत्र ८ गते । यसदिन भिक्षु कौण्डञ्ञले **"भगवान बुद्धको शिक्षा मध्यम मार्ग"** विषयमा प्रवचन गर्नुभएको थियो । उहाँले भन्नुभयो– "मध्यम मार्ग भनेको दुईवटा अतिलाई त्यागी बीचको मार्गलाई अपनाउनुलाई भनिन्छ । दुईवटा अति यसरी छन्–

(१) भोग विलासीतामा धेरै भुल्नु ।

(२) धर्मको नाममा आफ्नो शरीरलाई दु:ख कष्ट दिनु र गरीब भई बाँच्नु ।

मध्यम मार्गको नाम लिन जति सजिलो छ, यसलाई आफ्नो दैनिक जीवनमा प्रयोग गर्न त्यत्ति नै गाऱ्हो छ । उदाहरणको लागि समाजमा माथिल्लो (धनी) वर्गका मानिसहरूको सम्पूर्ण आवश्यकताहरू पूर्ण हुन्छन्, तल्लो (गरीव) वर्गका मानिसहरूको आफ्ना आवश्यकताहरू पूर्ति गर्नका लागि जे काम गरेर भए पनि जीवन बिताउन सजिलो हुन्छ भने मध्यम वर्गीय परिवारले आफ्नो जीवन स्तरलाई माथि उकास्न चाहन्छन् तर एकदम मुश्किल हुन्छ । यसरी मध्यम वर्गीय परिवारले आफ्नो दैनिक जीवन गुजार्न जति कठिनाईको सामना गर्नुपर्ने हो, मध्यम मार्गलाई आफ्नो दैनिक जीवनमा प्रयोग गर्न पनि त्यति नै गाऱ्हो छ । धेरै जाने बुझेका पण्डितहरू समेत मध्यम मार्गमा हिंड्दा हिंड्दै चिप्लिएर लडेका हुन्छन् । मध्यम मार्ग भन्नु नै आर्य अष्टाङ्गिक मार्ग हो ।

यस आर्य अष्टाङ्गिक मार्गलाई शील, समाधि र प्रज्ञा गरी तीन तहमा छुट्टयाइएका छन् । यी तीन तत्त्वहरूको एक आपसमा घनिष्ट सम्बन्ध रहेको हुन्छ । शील पालन नभएसम्म चित्त एकाग्र पार्न नसकी समाधि हुन सक्दैन । समाधि हुन नसकेसम्म प्रज्ञा प्राप्त हुन सक्दैन । प्रज्ञाहीन मानिसले राम्ररी शील पालन गर्न सक्दैन । यसरी हेर्दै जाने हो भने हरेक क्षेत्रमा सम्यक दृष्टिको प्रमुख भूमिका रहेको हुन्छ । नेपालमा थेरवादीहरूमा प्रज्ञा भए तापनि श्रद्धा भने कम देखिन्छ । तर महायानीहरूमा श्रद्धा बलवान भएको हुँदा उनीहरूले थुप्रै गुम्बाहरूको निर्माण गर्नुका साथसाथै थुप्रै धनराशीको कोषहरू खडा गर्न सफल छन् । जसले गर्दा भविष्यका सन्ततीहरूको भविष्य राम्रो हुने देखिन्छ ।"

विकास रत्न तुलाधरले संचालन गर्नुभएको उक्त कार्यक्रमको रिपोर्टर विमला शाक्य हुनुहुन्थ्यो ।

**बुद्ध वचन र साहित्य**

२०५४ चैत्र १५ गते । यसदिन नवीन चित्रकारले "बुद्ध वचन र साहित्य" विषयमा प्रकाश पार्नु हुँदै भन्नुभयो- "बीसौं शताब्दीमा पाँच इन्द्रियको कारणले साहित्य उत्पन्न हुन सक्छ भनी वर्णन गरिएको पाइन्छ, जुन विषयलाई २५४० वर्ष अगाडि नै बुद्धले ब्याख्या गरिसक्नु भएको देखिन्छ । यस विषय अभिधर्मसंग सम्बन्धित छ ।

साहित्यलाई आवश्यक पर्ने तत्त्वहरू बारे वर्णन गर्दै उहाँले भन्नुभयो–

(१) **सम्प्रेशन**: सम्प्रेशन नाम र रूपसंग सम्बन्धित भएको विषय हो । त्यसैले सम्प्रेशन अभिधर्मसंग सम्वन्धित छ । त्यस्तै साहित्यले कथा र कविताको माध्यमद्वारा अरूको मनलाई छुने वा इन्द्रियलाई आकर्षण गर्ने गर्दछ । बिम्ब अलंकार तथा चरित्र र वस्तुसंगको सम्बन्धद्वारा नै कसैले चरित्र मूलक त कसैले वस्तु मूलक कथा, कविता रचेको हुन्छ ।

(२) **बिम्ब**: बिम्ब भन्नाले साहित्यकारले पाठकवर्गहरूको कुनै इन्द्रियलाई छुनका लागि विभिन्न कलात्मक तरिकाले आकृति र रूप प्रयोग गर्दै आफ्नो भाव ब्यक्त गरेको हुन्छ ।

(३) **प्रतिक**: प्रतिक भन्नु नै दुई पक्षहरूको बीच तुलनात्मक ढंगले वर्णन गर्नु हो । उदाहरणको लागि कछुवा र चितुवाको चालको तुलना । यसरी कुनै शब्दको प्रयोग गर्दा बौद्धिक तत्त्वको माध्यमद्वारा तरंग बनाउँदै शब्दको प्रयोग गरिएको हुन्छ ।

(४) **अलंकार**: अलंकार भन्नाले लेखकले कुनै चीजको वर्णन गर्दा शब्द संयोग गरेर त्यसको चित्र नै आँखामा आउने गरी ब्यक्त गरिएको हुन्छ ।

(५) **शब्द ध्वनी**: शब्द ध्वनी भनेको शब्द भित्र लिएको तरंगलाई भनिन्छ । यसले गर्दा कुनै कथा वस्तु, कविता आदि पढ्दा उनीहरूको इन्द्रियलाई छुने हुनाले सो कथा र कविता मीठो र रोचक लाग्ने हुन्छ ।

(६) **रस**: बुद्ध शिक्षामा उल्लेखित करूणा रस, भाव रस आदि ९ प्रकारका रसहरू पनि साहित्यमा प्रयोग भएको पाइन्छ । करूणा रसले कसैको मनलाई नै कम्प पार्न सक्छ भने भाव रसले भावनालाई बिभोर गरेको हुन्छ । यसरी विभिन्न कलपनाको प्रयोग गरेर त्यसलाई सजीव गरेको हुन्छ ।

(७) **आरोप**: साहित्यमा "आरोप" पनि गाभिएको हुन्छ । किनभने साहित्यमा राम्रो कुराको साथसाथै नराम्रो कुराको पनि वर्णन गरी विस्तृत रूपमा व्यक्त गर्न सकिन्छ ।



Downloaded from http://www.dhamma.digital

साहित्यमा पोखिएका भावहरू साहित्यकारको चरित्रमा भर परेका हुन्छन् । अत: कसैले आफ्नो चरित्र अनुसार कुनै वस्तुलाई राम्रो दृष्टिले व्यक्त गरिएको हुन्छ भने त्यही वस्तुलाई कसैले नराम्रो दृष्टिले व्यक्त गरिएको हुन्छ । त्यसैले लेखकले आफ्नो कुशलतालाई अगाडि बढाई पाठकको आँखामा चित्रण हुन सक्ने गरी व्यक्त गर्नुपर्छ ।

सुश्री मीन शोभा शाक्यको सभापतित्त्वमा ज्ञानेन्द्र महर्जनले संचालन गर्नुभएको यस दिनको कार्यक्रममा सुश्री रचना शाक्यले रिपोर्ट लेख्नुभएको थियो ।

**बोधिचित्त**

२०५४ चैत्र २२ गते । यसदिन मीनबहादुर शाक्यज्यूले बोधिचित्त बारे ब्याख्या गर्नुहुँदै भन्नुभयो- "बोधिचित्त भन्नाले सबै प्राणी माथि करूणा, मैत्री, दया, माया राख्नुलाई भनिन्छ । त्यसैले बोधिचित्तलाई महाकरूणामय पनि भनिन्छ । बोधिचित्त उत्पन्न गर्नलाई समता हुनुपर्छ । सबै प्राणीहरू उपर समान ब्यवहार गर्न सक्नुलाई समता भनिन्छ ।

धेरैजसो मानिसहरूको मनमा राग, द्वेष र मोह उत्पन्न भइराखेका हुन्छन् । आफूलाई मनपर्ने ब्यक्तिहरूको लागि राग उत्पन्न गर्छ भने मन नपर्ने ब्यक्तिहरूलाई शत्रुको रूपमा हेरी द्वेष भाव उत्पन्न गरिराखेका हुन्छन् । फेरि कहिले काहीं उपेक्षित भाव प्रकट गरिराखेका हुन्छन् । यी सबै भावनाहरूलाई त्यागी सबै प्राणीहरूप्रति हीत, सुख र मैत्री भाव राख्न सक्नुलाई बोधिचित्त भनिन्छ ।

संसारमा सबै प्राणीहरूका लागि सबभन्दा नजिकको नाता आफ्नी आमालाई लिन सकिन्छ । आमालाई मैत्री, करूणा, दया, माया र ममताकी खानीको रूपमा लिन सकिन्छ । त्यसकारण सबै प्राणीले आफ्नो मनमा आमाको भावना जगाई रहन आफ्नी आमा र आफ्नो बुबाको गुण स्मरण गरी रहन सके मात्र सबै प्राणीप्रति करूणा र मैत्री भाव उत्पन्न गरी बोधिचित्त उत्पन्न गर्न सक्ने हुन्छ ।

एक दुईवटा पुस्तक पढेर र चैत्य घुमेर बोधिसत्त्व बन्न सक्ने होइन । आफ्नो हृदयमा बोधिचित्त जगाई सबै प्राणीहरूप्रति दया, करूणा, मैत्री भाव राखी अरूको हीत र सुखको लागि केही न केही कार्य गरी आफ्नो जीवन बिताउन सकेमा त्यस ब्यक्तिलाई बोधिसत्त्व भन्न सकिन्छ ।

सोभियतरत्न तुलाधरको सभापतित्त्वमा संचालित उक्त कार्यक्रमको रिपोर्टिंग सुनीता बज्राचार्यले गर्नुभएको थियो ।

**रक्तदान कार्यक्रम**

२०५५ वैशाख १२ गते । स्थान:- धर्मकीर्ति विहार, २०४२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा र धर्मकीर्ति विहार र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको क्रमश: ३३ औं र २७ औं वार्षिकोत्सवको उपलक्ष्यमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा रक्तदान कार्यक्रम सुसम्पन्न भएको छ । सो कार्यक्रममा जम्मा ३५ जवान रक्तदाताहरूले भाग लिई सेवा पुऱ्याएको थियो ।

रक्तदान गर्नेहरूको नामावली:– १. जगतशोभा स्थापित २. नविन चित्रकार ३. रूपशोभा ४. लक्ष्मण शाक्य
५. विजयरत्न बज्राचार्य ६. रोशनी तुलाधर
७. श्रीमती लक्ष्मी महर्जन ८. सुरज दिवाकर
९. राहुल श्रेष्ठ १०. श्रीमती करूणा मानन्धर
११. उमादेवी मानन्धर १२. रमेशमान शाक्य
१३. सुमनरत्न शाक्य १४. गंगा मानन्धर
१५. सन्जय महर्जन १६. हसनकुमार बज्राचार्य
१७. सागरमान बज्राचार्य १८. निरस दिवाकर
१९. रोसनकाजी तुलाधर २०. उद्योगरत्न तुलाधर
२१. नविनज्योति तुलाधर २२. अशोककुमार महर्जन
२३. पद्यमकुमारी शाक्य २४. सुरेस शाक्य
२५. सुजिना श्रेष्ठ २६. दीपकरत्न शाक्य
२७. अमिरकुमारी शाक्य २८. भिक्षुणी अनोजा
२९. राम महर्जन ३०. प्रेमहीरा तुलाधर
३१. राजुरत्न बज्राचार्य ३२. उदव कायस्थ
३३. अरूणसिद्धि तुलाधर ३४. विनु तुलाधर
३५. जितेन्द्रमान तुलाधर

- का.स. स्वयम्भूरत्न तुलाधर (संयोजक) ।

**प्रवचन कार्यक्रम**

*विषय:* **"उन्नतिको मार्ग"**, *वक्ता:* सुमन कमल तुलाधर, *सभापति:* मीन शोभा शाक्य ।

२०५५ बैशाख ५ । यस दिन सुमन कमल तुलाधरज्यूले **"उन्नतिको मार्ग"** विषयमा प्रवचन दिनु हुँदै भन्नुभयो - आजभोली उन्नतिको अर्थ आर्थिक र सामाजिक उन्नतिलाई लिने गरेको पाइन्छ । तर बुद्धको सिद्धान्त अनुसार आफ्नो उन्नति अर्थात् मानसिक शान्तिको उन्नतिलाई उन्नति भन्ने गरिन्छ । उदाहरणको लागि बिद्वान मास्लोको "आवश्यकताको आधारभूत सिद्धान्त" लाई यसरी लिन सकिन्छ ।

५. ब्यक्तिगत विकासको आवश्यकता
४. आत्म सम्मानको आवश्यकता
३. सामाजिक पहिचानको आवश्यकता
२. सुरक्षाको आवश्यकता
१. शारीरिक आवश्यकता



Downloaded from http://www.dhamma.digital

मास्लोको यस सिद्धान्त बुद्धको सिद्धान्तसंग मिल्दो जुल्दो देखिन्छ ।

१. शारीरिक आवश्यकता भनेको वस्त्र, खाना, औषधी र बास स्थान आदि यी ४ तत्त्वहरू मानिसहरूको शरीर रक्षाको लागि आधारभूत आवश्यकता हुन् ।

२. सुरक्षा आवश्यकता भन्नाले बाह्य वातावरणबाट आफ्नो जीवलाई सुरक्षित राख्नु भन्ने बुझिन्छ ।

३. सामाजिक पहिचान आवश्यकता भन्नाले मानिसहरूको जीवनमा माया, ममता र स्नेहको आवश्यकता भन्ने बुझाउँछ ।

४. आत्मसम्मानको आवश्यकता - आफूले गरेको कार्यमा सन्तुष्ट भई मानिसले आत्मसम्मान बनाउन खोज्छ ।

५. व्यक्तिगत विकासको आवश्यकता -

यी पाँचप्रकारका आवश्यकताहरू उन्नतिका आधारभूत तत्त्वहरू हुन् । यी पाँचवटा तत्त्वहरूको आधार लिएर मानिसले उन्नतिको मार्गमा अग्रसर हुन सक्नेछ ।

त्यसरी नै बुद्धको शिक्षा अनुसार पहिला

१. **उत्थान विरीय आउँछ** - उत्थान विरिय भन्नाले उत्साह र अथक परिश्रम बुझिन्छ । मानिसले सफलता हासिल गर्न आफ्नो काममा उत्साही र परिश्रमी हुनुपर्छ ।

२. **आरक्ख सम्पदा** - आर्थिक मात्र होइन बौद्धिक क्षेत्रमा पनि सुरक्षा गर्न सक्नु पर्छ ।

३. **कल्याण मित्तता** - आफुलाई ठीक बाटो देखाउने व्यक्तिलाई कल्याण मित्र सम्झनु पर्छ ।

४. **समानता** - आफुले कमाएका सम्पत्तिलाई आय व्ययलाई सन्तुलन मात्र नराखी केही रकम वचतको रूपमा राख्न सक्नु पर्छ ।

बुद्धले अनाथपिण्डक महाजनलाई ४ वटा सुखलाई यसरी व्याख्या गर्नु भएको छ ।

१. **अत्थि सुख** - आवश्यक वस्तु आफूसंग हुनु सुख ।
२. **भोग सुख** - आफुले कमाएको सम्पत्ति आफूले चाहे जस्तो खर्च गर्न पाउनु ।
३. **अनण सुख** - ऋणबाट मुक्त बनिरहन सक्नु ।
४. **अनवज्ज सुख** - निर्दोषपूर्वक जीवन बिताउन सक्नु ।

अन्त्यमा उहाँले भन्नुभयो - "हामीले आध्यात्मिक र भौतिक दुबै प्रकारले आफुलाई उन्नति गर्न सक्नु पर्छ । यसको लागि पहिला आफुले आफैलाई चिन्न सक्नु पर्छ । यसलाई व्यक्तिगत उन्नति भन्न सकिन्छ ।"

### अभिधर्म देशना

भिक्षुणी धम्मवतीबाट जेठ २ गते देखि जेठ मसान्तसम्म संचालन हुने गरी धर्मकीर्ति विहारमा "अभिधर्म" देशना भइराखेको छ ।

### बिस्कुट वितरण

२०५५ बैशाख २८ गते । २५४२ औं बुद्ध पूर्णिमाको उपलक्षमा धर्मकीर्ति विहारको आयोजनामा भिक्षुणीहरू तथा उपासक उपासिकाहरूबाट अस्पतालमा बिस्कुट बितरण कार्यक्रम सम्पन्न गरिएको छ ।

### प्रदर्शनी

२०५५ बैशाख २८ गते । २५४२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहारमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी र ग्लोवल इनिसियटिभ संस्थाको संयुक्त आयोजनामा लुम्बिनी र विश्व शान्ति विषयमा आधारित चित्रकला र मूर्तिकलाहरू प्रदर्शन गरिएका थिए ।

लुम्बिनीका दर्शनीय स्थलहरू र विभिन्न शान्तिका प्रतिकहरू झलकाइएको चित्रकला र मूर्तिकलाहरूले सजाइएको यस प्रदर्शनीलाई लगभग ६०० जवान दर्शकहरूले हेरेका थिए ।

लुम्बिनीको माटोले बनाइएका शान्तिका प्रतिक मूर्तिकलाहरू लुम्बिनीमा नै बनाइएको कुरा पनि बुझिएको छ ।

### "दुःख"



**धनकाजी**

**दुःख जुल जिमित जिमि किजा मदयूका च्वनेमाःगुलिं । किजां सदाया लागि थ्व संसार तोतावंगुलिं जिपिं झिम्ह तःक्यहेंपिनि दुःख जुल ।**

**मदुम्ह किजा धनकाजी सुखावती लायूमा धकाः जिपिं झिम्ह तःक्यहेंपिं मुनाः किजाया गुण लुमंका प्रार्थना यानाच्वनापिंः–**

| | |
|---|---|
| **नानीमाया शाक्य** | **मोती शाक्य** |
| **हेरालक्ष्मी बज्राचार्य** | **केशरी शाक्य** |
| **पुण्यरत्न शाक्य** | **सानुकाजी शाक्य** |
| **शोभा धाख्वा** | **सानुमैंया शाक्य** |
| **न्हुच्छेनानी बज्राचार्य** | **विद्या शाक्य** |



Downloaded from http://www.dhamma.digital

### आनन्दकुटीमा श्री ५ महाराजाधिराजको सवारी

काठमाडौं, २५४२ औं बुद्ध जयन्तीको उपलक्षमा आनन्दकुटी विहार (स्वयम्भू) मा श्री ५ महाराजाधिराज सवारी होइबक्सी बुद्धको पवित्र अस्थिधातुमा पूष्पार्पण र बुद्ध मूर्तिमा पूजा गरिबक्सियो।

श्री ५ महाराजाधिराज सो अवसरमा आयोजित विशेष समारोहमा पनि सरिक होइबक्सियो।

सो समारोहमा प्रधानमन्त्री श्री गिरीजा प्रसाद कोइरालाले बोल्नुहुँदै भन्नुभयो– "सुयोग्य नागरिक र अनुशासित व्यक्तिहरूको खाँचो राष्ट्रलाई सधैं परिरहेको हुन्छ। बुद्धले यिनै शास्वत गुणहरूको पहिचान गरी संघको स्थापना गर्नु भएको थियो र आजको परिस्थितिमा विद्यमान राजनीतिक दलहरू बुद्धको संघको परिमार्जित रूप हुन सक्यो भने राष्ट्र निर्माणमा ठूलो बल पुग्नेछ।

भगवान बुद्धको जन्मस्थल लुम्बिनीको गुरुयोजना स्थलमा २१ भन्दा बढी दातृ राष्ट्रहरूले आ-आफ्नो, राष्ट्रको धर्म, संस्कृति झल्कने विहार गुम्बा र साधना केन्द्रहरू निर्माण गरिरहेको हुँदा यी धार्मिक र साँस्कृतिक निधिहरूको संरक्षण र विकास गर्न एवं लुम्बिनी विश्व शान्तिको केन्द्रस्थल बनाउने संयुक्त राष्ट्र संघको भावना र विश्वासप्रति श्री ५ को सरकार प्रतिवद्ध छ।"

सोही समारोहमा बुद्ध जयन्ती समारोह समितिका अध्यक्ष भिक्षु सुदर्शन महास्थविरले लुम्बिनी विकास समितिलाई वारम्वार पुनर्गठन नगर्न, शान्ति सुरक्षा व्यवस्था सुदृढ बनाउन, अन्तरराष्ट्रिय विहार र नवग्रामको बीचमा सुरक्षा चौकी र गस्ती प्रहरी बृद्धि गर्न आगलागीबाट साल वृक्षको सुरक्षाको लागि दमकल र स्वास्थ्य सेवाको लागि एम्बुलेन्सको व्यवस्था गर्न श्री ५ को सरकारले ध्यान दिनु पर्ने कुरामा जोड दिनु भयो।

संघ नायक भिक्षु अनिरूद्ध समक्ष शील प्रार्थना, गरिएको सो कार्यक्रममा बुद्ध जयन्ती समारोह समितिका महासचिव श्यामकृष्ण मानन्धरले स्वागत भाषण र तीर्थ नारायण मानन्धरले धन्यवाद ज्ञापन गर्नु भएको थियो।

सो समारोहमा प्रधान न्यायाधीश, राजपरिषद स्थायी समितिका सभापति, राष्ट्रिय सभाका अध्यक्ष, निर्वाचन आयोगका प्रमुख आयुक्त र मन्त्रीगण समेतको उपस्थिति थियो।

सोहि दिन आनन्दकुटी विहारमा रक्तदान कार्यक्रम पनि संचालन गरिएको थियो।

### अस्थिधातु सहित नगर परिक्रमा

**काठमाडौं**, २५४२ औं बुद्ध पूर्णिमाको उपलक्षमा बुद्धको पवित्र अस्थि धातुलाई एक विशाल धार्मिक जुलुस सहित शोभा यात्रा गरी नगरका विभिन्न भागको परिक्रमा गराइयो।

न:घल टोल स्थित श्रीघ:विहारबाट निकालिएको उक्त धार्मिक जुलुसमा भिक्षुहरू, भिक्षुणीहरू, बज्राचार्य गुरूहरू बैण्ड वाजा, स्काउट एवं स्कूलका छात्रछात्राहरू, उपासक-उपासिकाहरू, साँस्कृतिक तथा धार्मिक संघ संस्थाका प्रतिनिधिहरू सम्मिलित थिए।

### भिक्षु शाक्यानन्द स्मृति गुठी

दिवंगत संघनायक भिक्षु शाक्यानन्द महास्थविर-को पुण्य स्मृतिमा "भिक्षु शाक्यानन्द स्मृति गुठी" आनन्द विहार तानसेनमा (२०५५ बैशाख १० गते) स्थापना गरिएको समाचार प्राप्त भएको छ। उक्त गुठीको उद्देश्यहरू यसरी रहेको बुझिएको छ – भिक्षु शाक्यानन्द महास्थविरको स्मृतिमा अक्षयकोष स्थापना गर्ने, संग्रहालय स्थापना गर्ने, आनन्द विहारमा उहाँको प्रतिमा स्थापना गर्ने, विभिन्न विद्यालयमा अध्ययनरत गरीव तथा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्ने, स्मृति ग्रन्थ, पुस्तक एवं पत्रिकाहरू प्रकाशित गर्ने आदि।

गुठीका कार्यकारिणी सदस्यहरू यसरी रहेको बुझिएको छ–

सल्लाहकार: भिक्षु कुमार काश्यप महास्थविर र भिक्षु सुदर्शन महास्थविर।
अध्यक्ष: सह प्रा. छत्रराज शाक्य।
सदस्यहरू: विश्वमान बज्राचार्य, दशरथमुनि शाक्य, प्रेममान शाक्य, सन्तलाल बज्राचार्य।

गुठीले यही २०५५ सालको शैक्षिक सत्र देखि नै "भिक्षु शाक्यानन्द स्मृति छात्रवृत्ति" वितरण गर्ने निर्णय गरेको छ।

### पनौती बुद्ध विहारमा बुद्ध जयन्ती

२५४२ औं बुद्ध पूणिमाको अवसरमा पनौती बुद्ध विहारमा भव्यताका साथ बुद्ध जयन्ती मनाइयो। यस अवसरमा बुद्ध विहारबाट भगवान बुद्धको मूर्तिलाई खटमा राखी गुंला बाजं तथा अन्य स्थानीय बाजागाजा सहितको भव्य जुलुसले नगर परिक्रमा गरी बुद्ध विहारमा फर्केको थियो। त्यसपछि आयोजित समारोहमा विहार प्रमुख अनगारिका सत्य पारमिताले धर्मदेशना गर्दै बुद्ध



Downloaded from http://www.dhamma.digital

जीवनी र आर्य अष्टांगिक मार्गको व्याख्या गर्नुभएको थियो । धर्मदेशना पश्चात् ध्यान भावना तथा धार्मिक छलफलको कार्यक्रम संचालन गरिएको थियो ।

साँझपख ज्ञानमाला भजन, बुद्ध गुण स्मरण गरी समारोहको समापन गरियो ।

**बौद्ध धर्म समिति गठन**

२०५४ चैत्र १४ गते । धादिङ्गको सेमजोङ्ग गा.वि.स.मा बौद्ध शिक्षा प्रचार तथा पालन गर्ने उद्देश्यले भिक्षु विशुद्धानन्दको उपस्थितिमा एक विशाल बौद्ध भेला आयोजना गरिएको समाचार छ । उक्त समाचार अनुसार बौद्ध शिक्षाको प्रचार एवं निरन्तरताको लागि ३ जवान सल्लाहकार समेत १४ सदस्यीय सेमजोङ्ग बौद्ध धर्म समिति यसरी गठन गरिएको थियो ।

*अध्यक्ष:* श्री पञ्चबहादुर भम्पा, *उपाध्यक्ष:* श्री बुद्धिबहादुर भम्पा, *सचिव:* उरबहादुर भम्पा, *कोषाध्यक्ष:* चन्द्रबहादुर योञ्जन, *सह-कोषाध्यक्ष:* श्री कमानसिंह भम्पा, *सह-सचिव:* बलबहादुर ब्लेन्देन, *सदस्यहरू:* श्री शेरबहादुर हिम्रूङ्ग, श्री हरिबहादुर भम्पा, श्री सिंहबहादुर हिम्रूङ्ग, श्री कालुसिंह भम्पा र श्रीमती वक्लीवती हिम्रूङ्ग; *सल्लाहकारहरू:* श्रीमती रानु लामा, श्री सुकबहादुर भम्पा र श्री जीतबहादुर भम्पा आदि ।

स्मरणीय छ, बौद्ध धर्म समितिको सकृयतामा एक बौद्ध विहार निर्माणार्थ सेमजोङ्ग गा.वि.स. वार्ड नं. ३ बस्ने श्री फुरमान लामाज्यूबाट नि:शुल्क जग्गा उपलब्ध गराइदिनु भएको छ ।

**शोक सभा**

२०५४ चैत्र १५ गते । श्री बोधिसत्त्व विहारमा श्री चन्द्रज्योति शाक्यको संयोजकत्वमा बुद्ध पूजा र शील प्रार्थना गर्नुका साथसाथै दिवंगत शील ज्योति शाक्यको गुणानुस्मरण गरी शाक्य परिवारबाट श्रीमती कृष्ण कुमारी शाक्य र उहाँका छोराहरूले विहारका लागि रु. १,१५५/– रकम चन्दा स्वरूप प्रदान गरी शोक सभा मनाई पुण्यानुमोदन गरिएको समाचार छ ।

त्यस्तै २०५४ चैत्र २१ गते सोही विहारमा चन्द्रज्योति शाक्यको संयोजकत्वमा बुद्ध पूजा, शील प्रार्थना गरी दिवंगत सुश्री मञ्जुश्री शाक्यको पुण्य स्मृतिमा परित्राण पाठ र धर्मदेशना गरी पुण्यानुमोदन गरिएको थियो ।

**भिक्षु अमृतानन्द मार्ग नामाकरण**

तानसेनको भिमसेन टोल चौपाटी देखि नारायण टोलको चोक सम्मको बाटोलाई "भिक्षु अमृतानन्द मार्ग" नामाकरण गरिएको समाचार छ । गत २९ चैत्र २०५४ मा आयोजित तानसेन महोत्सव अन्तर्गत एक समारोहमा नेपाल भ्रमण वर्ष १९९८ का संयोजक श्री कर्ण शाक्यले सो मार्गको उद्घाटन गर्नु भयो ।

भिक्षु अमृतानन्द महास्थविरको जीवनी र बौद्ध जगतमा उहाँको महत्वपूर्ण योगदानको चर्चा गर्नु हुँदै करूणा बौद्ध संघका अध्यक्ष श्री छत्रराज शाक्यले भिक्षु अमृतानन्द महास्थविर जन्मनु भएको टोललाई उहाँको गुणानुस्मरण र महत्वपूर्ण योगदानको कदर गर्दै "भिक्षु अमृतानन्द मार्ग" नामाकरण गर्नाले पाल्पाली मात्र नभई नेपालकै संपूर्ण बौद्ध जगतले हर्षको अनुभूति गरेको छ" भन्नुभयो । उहाँले करूणा बौद्ध संघ र संपूर्ण बौद्धहरूको तर्फबाट तानसेन नगरपालिकाका मेयर श्री अशोक शाहीज्यू र संपूर्ण वडा सदस्यहरूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्नु भयो ।

**हाजिर जवाफ प्रतियोगिता**

"बौद्ध हाजिरी जवाफ प्रतियोगिता दोस्रो" युवा बौद्ध संघ, पोखराद्वारा धर्मशिला बुद्ध विहार नदिपुरमा संघका सदस्यहरूका विच "आन्तरिक बौद्ध हाजिरी जवाफ प्रतियोगिता" सम्पन्न भएको समाचार छ । युवा पुस्ताहरूलाई भगवान बुद्धको जीवनी, उहाँको उपदेश तथा दर्शनहरूको अध्ययन, अनुसन्धान तथा प्रचार प्रसारमा लाग्न प्रोत्साहन मिलोस् भन्ने उद्देश्यले बौद्ध दर्पण पुस्तकलाई आधार मानेर दोस्रो पटक आयोजना गरिएको उक्त प्रतियोगितामा जम्मा १८ जना सदस्यहरू सहभागी हुनु भएको थियो ।

२०५४ साल चैत्र १५ गते प्रारम्भ भई २०५५ साल बैशाख ५ गते समाप्त भएको उक्त प्रतियोगिताको अन्तिम नतिजा निम्नानुसार रहेको छ ।

*प्रथम समुह :* "देवदह"

१. हेमा गुरूङ्ग, २. सुशील वज्राचार्य, ३. उमेश श्रेष्ठ

*द्वितिय समुह :* "कपीलवस्तु"

१. भुवन ताम्राकार, २. दिनेश गुरूङ्ग, ३. रवि महर्जन

*तृतीय समुह :* "राम ग्राम"

१. प्रकाश उदास, २. उषा उदास, ३. दया राम अधिकारी

**बेनी, पर्वत र बाग्लुङ्गमा बुद्ध जयन्ती**

पोखरा ३० गते २५४२ औं गौतम बुद्ध पूर्णिमा म्याग्दीको वेनी, वाग्लुङ्ग तथा पर्वतको कुश्मा बजारमा धुमधामका साथ मनाईएको जानकारी उक्त समारोहमा सहभागी भएर आउनु भएका मैत्री संघ पोखराका अध्यक्ष विश्व शाक्यबाट प्राप्त भएको छ ।

बैशाख २८ गते बुद्ध पूर्णिमाको दिन म्याग्दी बौद्धसंघको आयोजनामा विहान शान्ति पदयात्रा पछि २५४२ औं बुद्ध पूर्णिमा समारोहका साथ साथै म्याग्दी



Downloaded from http://www.dhamma.digital

बौद्धसंघको प्रथम महाधिवेशन समुद्घाटन कार्यक्रम सुसम्पन्न भएको थियो । कार्यक्रमको समुद्घाटन माननीय जिल्ला न्यायाधिश करूणा निधि शर्माले पानसमा बत्ती बालेर गर्नु भएको थियो । बुद्ध जयन्ती समारोहको प्रमुख वक्ताको आशनबाट भिक्षु अश्वघोष महास्थविरले धर्मदेशना गर्नु भएको थियो । भगवान् बुद्धद्वारा शान्तिको लागि निर्देशित कुराहरूको चर्चा उहाँले गर्नु भएको थियो ।

मन्तव्य व्यक्त गर्ने क्रममा मैत्रीसंघ पोखराका अध्यक्ष विश्व शाक्य, म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष सुदर्शन कुमार श्रेष्ठ, हरिकृष्ण श्रेष्ठ, जयप्रकाश शेरचन, राम गौचन तथा स.प्र.जि.अ. बुद्धि बहादुर के.सीले प्रथम महाधिवेशनको सफलताको कामना गर्दै विश्व शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको बारे चर्चा गर्नु भएको थियो ।

म्याग्दी बौद्धसंघको अध्यक्ष प्रकाश कुमार श्रेष्ठको अध्यक्षतामा भएको उक्त समारोहमा स्वयम प्रकाश श्रेष्ठ, सुदर्शन श्रेष्ठ र साथीहरूबाट ज्ञानमाला भजन गायन पनि भएको थियो । स्मरणीय रहोस् केही महिना अगाडि मात्र म्याग्दी वेनीकै पुण्य बहादुर शाक्य र उहाँकी श्रीमतीले एक रोपनी १ आना जग्गा विहार निर्माणको लागि म्याग्दी बौद्ध संघलाई दान दिइएको थियो ।

२५४२ औं गौतम बुद्ध जयन्तीको उपलक्षमा म्याग्दी बौद्ध संघले २७ गते अस्पतालका विरामीहरूलाई फलफूल वितरण गरिएको थियो । प्रथम महाधिवेशनले प्रकाश कुमार श्रेष्ठको अध्यक्षतामा झपन लाल शाक्य - *उपाध्यक्ष,* याम शाक्य - *सचिव,* कुविर श्रेष्ठ - *सहसचिव,* येजेन लाल शाक्य - *कोषाध्यक्ष* र सन्त प्रसाद बज्राचार्य, सुभाष श्रेष्ठ, सुदर्शन श्रेष्ठ, अजय श्रेष्ठ गणेश बहादुर शाक्य, हिकमत शेरचन रहेको कार्य समिति गठन गरेको छ ।

५२४२ औं गौतम बुद्ध पूर्णिमा बाग्लुङ्गमा पनि विभिन्न कार्यक्रमहरू साथ मनाइएको छ । बुद्ध पूर्णिमा बैशाख २८ गते विहान प्रभातफेरी, बुद्ध पूजा र विहारको आयव्यय हिसाब पेश गरिएको थियो । गतवर्ष सम्म मौजदात रहेको रू २,९७,०००/- र यसपाली दान दक्षिणाबाट उठेको रू ८०००/- गरी कूल ३,०५०००/- विहारको कोषमा नगद मौजदात रहेको कुरा ज्ञानोदय बुद्ध विहारसंग आबद्ध मुकुन्द शाक्यले बताउनु भयो । यसै पूजा समारोहमा सयवर्ष भन्दा पुरानो स्व. बृज बहादुर शाक्यज्यू आफैले तानसेनबाट बाग्लुङ्ग आएपछि बनाउनु भएको कलात्मक आशन सहितको बुद्ध मूर्ति उहाँकै छोरा बुहारी श्रीमती डम्मर कुमारी शाक्यले आफ्नो स्व.पति हिराकाजी शाक्यको नाममा विहारलाई दान दिनुभयो । सो मूर्ति ऐतिहासिक महत्वको र बहुमूल्य मानिन्छ ।

बुद्ध जयन्तीको उपलक्षमा अन्तर मा.वि. स्तरीय बौद्ध हाजिरी जवाफ प्रतियोगिता रहेको थियो । उक्त प्रतियोगितामा अमृत आ.मा.वि. प्रथम भएको थियो । त्यसैगरी प्रा.वि. स्तरीय चित्रकला प्रदर्शनी पनि भएको थियो । जसमा ९ विद्यालय सहभागी थिए । काली गण्डकी आवासीय विद्यालय प्रथम भएको थियो ।

बैशाख २८ गते बुद्ध पूर्णिमाको दिन दिउँसो ४ बजेबाट ६:३० बजेसम्म बुद्धको प्रतिमा श्रृंगार गरी रथयात्रा निकालिएको थियो । उक्त रथ यात्रामा काठमाडौंबाट पाल्नु भएका भिक्षु अश्वघोष, मैत्री संघ पोखराका अध्यक्ष विश्व शाक्य र सदस्य दीपक उदास पनि उपस्थित हुनु हुन्थ्यो । २९ गते विहान र बेलुकी भिक्षु अश्वघोषबाट धर्मदिशना भएको थियो ।

**कुश्मा, पर्वत**

पर्वत जिल्लाको पहिलो इतिहासको रूपमा यसपाली पर्वतको सदरमुकाम कुश्मा बजारमा एकजना शाहसी युवा विकास मान शाक्यको अग्रसरतामा २५४२ औं गौतम बुद्ध समारोह सम्पन्न भयो । बाग्लुङ्गका युवा बौद्धसंघको सक्रिय सहयोगमा कुश्मा बजारमा पहिलो पटक बुद्ध भगवानको मूर्ति रथमा राखी ज्ञानमाला भजन सहित बजार परिक्रमा भएको थियो । बजार परिक्रमा पछि प्रस्तावित गोम्बा बनाउने ठाऊ चिलाउने चौतारी भन्ने ठाऊँमा कार्यक्रम समापन गरिएको थियो । उक्त समापन समारोहमा बौद्ध सेवा समिति कुश्माका अध्यक्ष, आमाटोलीकी सदस्य तथा धर्मोदय सभा वाग्लुङ्गका अध्यक्ष श्रवणलाल शाक्यले पनि आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो । विहान ११ बजे प्रारम्भ गरिएको रथयात्रा दिउँसो २ बजे समापन भएको थियो । २५४२ औं बुद्ध जयन्ती समारोह आयोजनको लागि धर्मोदय सभा पर्वत शाखा र बौद्ध सेवा समिति जस्ता संस्थाहरूबाट पनि कुनै किसिमको सहयोग प्राप्त गर्न नसके पनि एकजना बौद्ध हुनुको हैसियतले वैंकका आफ्ना साथीहरूले दिएको मनोवल र केही आर्थिक सहयोगले पर्वतमा पहिलो बुद्ध जयन्ती समारोह मनाउने आँट आएको विकास शाक्य बताउँछन् ।

**"बुद्ध पूर्णिमा महोत्सव सम्पन्न"**

**चितवन,** बौद्ध धर्म सेवा समिति भरतपुर चितवन को आयोजनामा २५४२ औं बुद्ध पूर्णिमा समारोह विभिन्न कार्यक्रमहरू सहित भव्यताका साथ सम्पन्न भएको समाचार छ । विहान ५.३० बजे देखि पूजा पाठबाट शुरू भएको उक्त कार्यक्रममा त्रिरत्न वन्दना, पंचशील प्रार्थना



Downloaded from http://www.dhamma.digital

र बुद्ध वन्दना सहित सो स्थानमा राखीएको दान पेटीमा श्रद्धालु भक्तजनहरूबाट दान कार्य सम्पन्न भयो । महा बौद्ध गुम्बा तिनखोलेबाट शुरू भएको बुद्धको प्रतिमा र बाजा गाजा सहितको विशाल जुलुसद्वारा नगरको विभिन्न भाग हुँदै पुन: महाबौद्ध गुम्बा तिनखोलेमा गई धर्मदेशना सभामा परिणत भएको थियो । आयोजक समितिका संयोजक सु. श्री लोक बहादुर गुरूङ्गको सभापतित्वमा भएको कार्यक्रममा धर्म देशक श्री देवेन्द्र गुरूङ्ग श्री पाल्सीङ्ग लामा, भिक्षुणी कुसुम, लामा गुरु पदम भट्टचन र चन्द्रमान गुरूङ्गले बैशाख पूर्णिमाको महत्व, बुद्ध जीवनमा घटेका घटनाहरू, बुद्ध दर्शन र शास्त्रीय भिन्नता र चण्डी पूर्णिमाको विषयमा धर्मदेशना गराउनु भएको थियो। सो सभामा यस वर्षको सर्व उत्कृष्ट स्वयम सेवीहरू भरतपुर १० दिपेन्द्र नगर निवासी श्रीमती सकुन्तला गुरूङ्ग र भरतपुर २ तिनखोले निवासी श्री यम बहादुर गुरूङ्गलाई बुद्धप्रतिमा सहितको प्रमाण पत्र वयोवृद्ध एवं समाज सेवी श्रीपर्त बहादुर गुरूङ्गबाट वितरण गर्नु भयो । सभाको संचालन पदम गुरूङ्गले गर्नु भएको थियो।

**नगदेश, भक्तपुर**, शान्तिका महानायक, तथागत गौतम बुद्धको जन्म, सम्बोधि लाभ र महापरिनिर्वाण जस्ता त्रीवेणी संगम भएको अति नै पूजनीय र स्मरणीय दिन-महान बैशाख पूर्णिमा (स्वाँयापुन्ही) को शुभ-उपलक्ष्यमा २५४२ औं बुद्ध पूर्णिमा भव्य रूपले मनायो।

२५४२ औं बुद्ध जयन्तीको उपलक्ष्यमा नगदेश बौद्ध समूह र लायन्स क्लव अफ् नगदेशको संयुक्त आयोजनामा तिलगंगा आँखा केन्द्रको सहयोगबाट गत ०५५ बैशाख २६ गते नगदेश बुद्ध विहारमा एक दिने नि:शुल्क आँखा उपचार शिविर संचालन गरेकोमा यस मध्यपुर-थिमि न.पा. नगदेश क्षेत्र र बोडे क्षेत्रबाट गरी दुई सय जना स्थानीय बासिन्दाहरूको आँखाको नि:शुल्क उपचार भएको थियो भने उक्त शिविरबाटै ३४ जना "मोतिबिन्दू रोग" भएको पनि थाहा लागेको छ। ती ३४ जना मध्ये बैशाख- २९ गते नै तिलगंगा आँखा केन्द्रमा १९ जना बिरामीको मोतिविन्दू अपरेशन भैसकेको छ। बाँकी अन्यको पनि नि:शुल्क अपरेशन गराउने कार्यक्रम छ।

वैशाख पूर्णिमा (बैशाख -२८) कै दिनमा नगदेश बौद्ध समूहको सक्रियतामा नगदेश बुद्ध विहारमा श्रद्धेय भिक्षु धम्मशोभन महास्थविर समक्ष पञ्चशील प्रार्थना गरी बुद्ध पूजा सम्पन्न भएपछि भगवान बुद्धको प्रतिमा खटमा राखी नगदेश परिक्रमा गरियो। उक्त परिक्रमामा धिमेबाजा र नगदेश ज्ञानमाला भजन खल: लगायत सयौं उपासक उपासिकाहरूले नगदेश परिक्रमा गरेका थिए।

सोही बुद्ध जयन्तीको अवसरमा ज्ञानमाला भजन खल: नगदेशबाट साप्ताहिक कार्यक्रम राखी यस मध्यपुर-थिमि न.पा.को नगदेश क्षेत्रको टोल टोलमा ज्ञानमाला भजन गरी बुद्ध धर्म प्रचार प्रसार गर्ने काम बैशाख-३० गते सम्पन्न गरेको थियो।

**हस्तकला तालिम**

सम्यक शिक्षा समूह, धरानको आयोजनामा चैत्र १८ गते देखि २४ गते सम्म महिलाहरूलाई आत्मनिर्भर बनाउन शीपमूलक हस्तकला तालिमको आयोजना गरिएको समाचार छ। कपडाका फूलहरू तथा रेडिमेड पुतलीहरू बनाउने तालिम दिइएको सो तालिम कार्यक्रम सम्यक शिक्षा समूहका कार्यकारी सदस्य अजित राईको संयोजकत्वमा सम्पन्न भएको थियो । धरान नगर पालिकाका उपमेयर कृष्ण नारायण पालिखेको प्रमुख आतिथ्य र समूहकै अध्यक्ष सुश्री बिद्या शाक्यको अध्यक्षतामा चैत्र २४ गते सो कार्यक्रमको समापन समारोह सम्पन्न गरिएको थियो।

समापन समारोहमा मन्तब्य ब्यक्त गर्नु हुने महानुभावहरू यसरी हुनुहुन्थ्यो- समूहका सचिव अनिल शाक्य (स्वागत मन्तव्य), प्रशिक्षक श्री मीना शाक्य, श्री दीपक शाक्य र श्री पवित्रा के.सी आदि।

तालिममा सहभागी भएका १८ जवान महीलाहरूलाई प्रमुख अतिथि कृष्ण नारायण पालिखे, मीना शाक्य, र बिद्या शाक्यले प्रमाणपत्र वितरण गर्नु भएको थियो । शूरज शाक्यद्वारा संचालित उक्त कार्यक्रममा अजित राईले धन्यवाद ज्ञापन गर्नु भएको थियो। तालिमको सहायक प्रशिक्षक मोहन श्रेष्ठ र नविन रायमाझी हुनुहुन्थ्यो।

**बुद्ध जयन्ति समारोह सप्ताहब्यापी मनाएको**

**धरान बुद्ध विहार** । नेपालका राष्ट्रिय विभूति शान्तिका अग्रदूत अहिंसाका प्रवर्तक भगवान गौतम वुद्धको २५४२ सौं बुद्ध पूर्णिमा समारोह सप्ताह ब्यापी रूपमा निम्न बमोजिम भव्य रूपमा मनाइयो।

**तपशिल**

०५५/१/२२ दिन विहान ७ वजे शान्ति पदयात्रा।
०५५/१/२३ दिन हाजिरी जवाफ प्रतियोगीता, खेलकुद।
०५५/१/२४ दिन २५१ जनाको स्वास्थ परिक्षण नि:शुल्क।
०५५/१/२५ दिन रक्तदान कार्यक्रम संचालन।
०५५/१/२६ दिन श्रामणेरहरूलाई कल्पवृक्ष दान।
०५५/१/२७ का दिन बौद्ध गोष्ठी।
०५५/१/२८ का दिन विहान ७ बजे झण्डोत्तोलन ८ बजे ज्ञानमाला भजन, ९ बजे बुद्ध पूजा, १० बजे भिक्षु संघलाई दान, ११ बजे भिक्षु संघलाई भोजन दान र



Downloaded from http://www.dhamma.digital

प्रसाद वितरण, १ बजे झांकी जुलुस सहित नगरपरिक्रमा ४ बजे बुद्ध विहार धरानको प्रतिवेदन प्रस्तुत- के.वि. मोक्तान द्वारा ।

०५५/१/२८ का दिन ५ बजे साँझ भिक्षु निग्रोध द्वारा धार्मिक प्रवचन, वेलुकी साँझ दिपावली गरिएको थियो ।

**ललितपुरका पाँचवटा विहारहरूको सहलह बैठक**

ललितपुरको दक्षिणी भेगका पाँचवटा बौद्ध विहारहरू मिली सहलह बैठकको लागि "सर्वोदय बौद्ध पुचः" गठन गरेको समाचार छ । २०५४ पुस १९ गतेका दिन ज्योतिदय संघ, ज्योति विहार, चापागाउँमा गठित उक्त पुचःमा अमरापुर विहार, बुंगमती, जीतपुर गन्धकुटी विहार, खोकना, बेलुवनाराम विहार ठेचो, बौद्ध जन विहार सुनागुठी र ज्योतिदय संघ, ज्योति विहार, चापागाउँ आदि सम्मिलित भएका छन् ।

सो पुचः गठन हुनुको उद्देश्य ललितपुरको दक्षिणी भेकका उपरोक्त पाँचवटा बौद्ध विहारहरू बीच परस्पर कार्यकलाप र अनुभव आदान प्रदान गर्ने, यी पाँचवटा विहारहरू बीच श्रीलंकाको सर्वोदय बिचार धारा आदान प्रदान गरी बुद्ध धर्म र सामुदायिक विकास प्रबर्द्धन गर्दै लाने र यी पाँचवटा विहारहरू बीच आपसी सहमतीमा आएका कुराहरू आवश्यकतानुसार संयुक्त रूपमा कार्यान्वयन गर्दै लाने आदि रहेको छ ।

निर्णयानुसार क्रमशः २०५४ माघ १८ गतेका दिन जीतपुर गन्धकुटी विहार खोकनामा, २०५४ फागुन १६ गते अमरापुर बुद्ध विहार, बुंगमतीमा र २०५४ चैत्र २२ गतेका दिन बेलुवनाराम विहार, ठेचोमा सहलह बैठक बस्ने काम भएको थियो । उक्त बैठकमा प्रत्येक विहारबाट कम्तिमा ६/६ जना उपासक उपासिकाहरूले भाग लिएका थिए ।

**नेपाल अधिराज्यका विभिन्न स्थानहरूमा २५४२ औं बुद्ध पूर्णिमा महोसत्व**

**नवलपरासी**, नवलपरासी जिल्ला रामग्राम नगरपालिकाद्वारा परासी चौबाटोमा नव निर्मित बुद्धको प्रतिमाको गृह राज्य मन्त्री देवेन्द्रराज कँडेलले अनावरण गर्दै शान्ति, अहिंसा र सत्यको पथमा लागि बुद्धले देखाउनु भएको मार्गलाई सबैले अनुकरण गर्नुपर्ने र बुद्ध स्तुपहरू मध्ये महत्त्वपूर्ण रहेको रामग्राम स्तूपको संरक्षण, सम्बर्द्धन र अनुसन्धान कार्यमा सबै सक्रिय हुनुपर्ने कुरा प्रष्टचाउनु भएको छ ।

सो अवसरमा प्र.जि.अ. बालकृष्ण प्रसाई, थेरवाद बौद्ध दायक केन्द्रिय परिषदका अध्यक्ष बखतबहादुर चित्रकार, रामग्राम नरपालिकाका उपप्रमुख शिवशंकर रायले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

**हाडिगाउँ**, हाडिगाउँ त्रिशक्ति क्लबद्वारा संचालित रक्तदान कार्यक्रमको क्लबका अध्यक्ष भूतपूर्व गभर्नर तथा राष्ट्रिय योजना आयोगका सदस्य हरिशंकर त्रिपाठीले शुभारम्भ गर्नुभएको थियो ।

सो कार्यक्रममा ६ जवान महिला तथा ४४ पुरुषले भाग लिई रक्तदान गर्नुभएका थिए ।

**भक्तपुर**, भक्तपुर नगरपालिका वडा नं. ६ इनाचो टोल स्थित मुनि विहारबाट एक जुलुसले बुद्धको मूर्ति रथमा राखी बाजागाजा सहित नगर परिक्रमा गरी विहारका दायक सभा पदाधिकारी तथा भक्तपुर नगर पालिकाका उपप्रमुख चैत्यराज शाक्यले मुनिविहारको प्राङ्गणमा बृक्षारोपण गर्नुभयो ।

**स्याङ्जा**, बुद्ध पूर्णिमाको उपलक्ष्यमा पंचमूल गाविस स्थित माझकटेरीमा सप्ताहव्यापी हिमपति यज्ञ तथा सिरुवारीस्थित बुद्ध मन्दिरमा पूजा, पाठ र भजन कीर्तन गरियो ।

**भरतपुर**, बुद्ध मूर्ति रथमा राखी एक जुलुसले (बाजा-गाजा सहितको) बजार परिक्रमा र नेपाल तामाङ्ग उत्थान संघको आयोजनामा पर्सा बजारमा आमसभाको आयोजना ।

**लमजुङ्ग**, द रेयुकाई नेपाल लमजुङ्ग उपशाखाले एक शान्ति पदयात्राको आयोजना, प्रमुख जिल्ला अधिकारी डिगबहादुर गुरुङ्गले शान्तिका प्रतिक एक जोडा परेवा उडाई पदयात्रा उद्घाटन, तमु छोंज घीं लमजुङ्ग शाखाद्वारा प्रकाशित बुद्ध स्मारिकाको सो संस्थाका सदस्य शेरजङ्ग गुरुङ्गले बिमोचन/कविता प्रतियोगिता ।

**बिराटनगर**, शान्ति पदयात्रा, बुद्ध पूजा, धार्मिक सभा तथा प्रवचन कार्यक्रम ।

स्थानिय धर्मबाँध रोड स्थित बुद्ध मन्दिरबाट निस्केको शान्ति पदयात्रा नगरका विभिन्न भागको परिक्रमा पछि धार्मिक सभामा परिणत । सभाका प्रमुख अतिथि भिक्षु श्रद्धानन्दले प्रत्येक मानवले समाज र राष्ट्रको विकास गर्न आफूमा भएको दोष र कमीलाई स्वीकार गर्नुपर्ने कुरा बताउँदै बुद्धले दिनुभएको शिक्षालाई आफ्नो आचरण र व्यवहारमा उतार्नु पर्ने आवश्यकता माथि जोड दिनुभयो । भिक्षु श्रद्धानन्दले संघका पाँच जवान आजीवन सदस्यहरूलाई सदस्यता वितरण गर्नुभयो ।

विराट बौद्ध संघका अध्यक्ष धर्मकुमार हलवाईको सभापतित्वमा भएको सो सभामा लुम्बिनी विकास कोषका सदस्य देवेन्द्रकुमार मल्ल, संघका वयोबृद्ध सदस्य लालधन शाक्य, उपासिका संघ विराटनगरका पूर्व अध्यक्ष हरिदेवी ताम्राकार, उपाध्यक्ष मोहनप्रसाद शाक्य



Downloaded from http://www.dhamma.digital

र सचिव सत्यनारायण ताम्राकारले बुद्ध शिक्षाको सार्थकता बारे प्रकाश पार्नुभयो ।

यसै उपलक्ष्यमा युवा बौद्ध संघ विराटनगरको तर्फबाट आयोजित हाजिरी जवाफ र चित्रकला प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने स्कूलहरूलाई पुरस्कार र प्रमाणपत्र वितरण गरिएको थियो ।

त्यस्तै नेपाल डम्फु समाजको आयोजनामा कविता गोष्ठी पनि संचालन गरिएको थियो ।

**भद्रपुर**, विर्तामोडमा आयोजित अन्तर माध्यमिक विद्यालय हाजिरीजवाफ प्रतियोगिताका विजयी विद्यालय तथा विद्यार्थीहरूलाई साहित्यकार प्रचण्डलाल मास्केले पुरस्कार तथा प्रमाणपत्र वितरण ।

सोही अवसरमा धर्मोदय सभाद्वारा आयोजित रक्तदान कार्यक्रममा २५ जवानले एक-एक पिन्ट रक्तदान गरे ।

राममाया हलुवाईको सभापतित्त्वमा सम्पन्न भएको सो कार्यक्रममा साहित्यकार मास्के, नेपाल मगर संघका झापा जिल्ला अध्यक्ष शिवशंकर थापा, किराँत याक्थुङ चुम्लुङका गुप्तबहादुर सुब्बा, पासा मुना पुच:का अध्यक्ष दिनेश मल्ल, नेपाल ट्रेड युनियन काँग्रेस झापाका अध्यक्ष, दीपक तामाङ्ग तथा कार्यक्रम संयोजक दिनेश शाक्यले बुद्ध शिक्षाका विविध पक्षबारे चर्चा गर्नुभएको थियो ।

**नेपालगंज**, बौद्ध धर्म संघ बाँकेद्वारा बुद्धपूजा, शान्ति पदयात्रा, प्रवचन तथा दीपावली कार्यक्रमको आयोजनामा सो अवसरमा आयोजित प्रवचन कार्यक्रम । नेपालगंज नगरपालिकाका प्रमुख धवल शमशेर राणा, प्रहरी उपरीक्षक श्यामकुमार तामाङ्ग, बौद्ध धर्म संघका उपाध्यक्ष मोहन सिंह आले र सदस्य गुमान सिंहले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

**वीरगंज**, स्थानीय माइस्थान मन्दिरबाट बुद्धको प्रतिमा खटमा राखी महिला, पुरुष, छात्रछात्रा सम्मिलित बाजागाजा सहित निस्केको शान्ति पदयात्रा भिस्वाको बुद्ध विहारमा स्थापित पंच बुद्धको पूजा दर्शन गरी बौद्ध ज्ञान सभामा परिणत भएको थियो ।

बुद्ध समिति विरगंजका अध्यक्ष भूपेन्द्रलाल नेपालीको सभापतित्त्वमा भएको सो सभामा बौद्ध महिला संघ नेपालका उपाध्यक्ष नानीमैया मानन्धर, भिक्षुणी सुजाता, बौद्ध समितिका इन्द्र रंजित तानाका र दिग्विजय रायले बुद्धको उपदेश आज पनि त्यत्तिकै सान्दर्भिक रहेको बताउनु भयो ।

सोही उपलक्ष्यमा बौद्ध समिति र ज्ञानपूर्ण बौद्ध विहारको आयोजनामा माइस्थान मन्दिरमा प्रवचन गोष्ठीको आयोजना गरिएको थियो ।

**महेन्द्रनगर**, कञ्चनपुर जिल्लाको बाइसे बिचवार गाउँ विकास समितिको अमरवती स्थित थार्पालिङ थेक्पा चेम्पो गुम्बाद्वारा विभिन्न कर्यक्रमको अयोजना गरिएको थियो ।

सो गुम्बामा रु. ३१ हजारको लागतमा स्थानीय जनश्रमबाट निर्मित चौताराको नेपाल तामाङ घेदुङका केन्द्रीय उपाध्यक्ष देवकुमार तामाङले उद्घाटन गर्नुभएको थियो ।

**रूपन्देही**, बुद्धको जन्मस्थल लुम्बिनीमा विहानैदेखि पञ्चशील प्रार्थना, बुद्ध शिक्षाबारे प्रवचन, बुद्ध पूजा, बाजागाजा सहित बुद्ध मूर्ति सहितको रथले लुम्बिनी बगैंचा परिक्रमा गरी बुद्ध तथा मायादेवीको मन्दिरमा कार्यक्रम सम्पन्न ।

उक्त समारोहमा भिक्षु विमलानन्द महास्थविरले बुद्ध शिक्षाबारे विशेष प्रवचन दिनुभएको थियो ।

लुम्बिनी विकास कोष, लुम्बिनी धर्मोदय समिति, अन्तरराष्ट्रिय बौद्ध समाज, नेपाल मानवधर्म सेवा समिति, श्री सत्य साई केन्द्र, रेयुकाई सिद्धार्थनगर, लुम्बिनी एयरवेज र थकाली सेवा समितिले श्रद्धालु तीर्थयात्रुहरूलाई आवश्यक सहयोग पुऱ्याएका थिए ।

बुद्धको जन्मस्थल लुम्बिनीमा आज आयोजित "वेलकम टु लुम्बिनी" पुस्तिकाको एक समारोह बीच गृहराज्यमन्त्री देवेन्द्रराज कँडेलले विमोचन गर्नुभएको थियो ।

भिक्षु विमलानन्द महास्थविरको सभापतित्त्वमा सम्पन्न सो कार्यक्रममा पूर्वमन्त्री रामकृष्ण ताम्राकारले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

**पोखरा**, बौद्ध अर्घौं सदन पोखराद्वारा आयोजित धार्मिक प्रवचन तथा अभिनन्दन समारोहको उद्घाटन गर्नुहुँदै स्थानीय विकास मन्त्री प्रकाशमान सिंहले बुद्धका उपदेश आज पनि त्यत्तिकै सान्दर्भिक रहेको कुरा बताउनु भयो । बुद्ध वचनलाई व्यवहारमा उतार्न सकेमा मात्र बुद्धप्रति कदर हुने कुरा बताउनु हुँदै उहाँले बुद्धले अवलम्बन गर्नुभएका मार्गहरूको अनुसरण गर्न सकेमा विश्वमा विद्यमान विकृति स्वत: हटेर जाने धारणा पनि व्यक्त गर्नुभयो ।

मन्त्री सिंहले समारोहमा बौद्ध अर्घौं सदनका संस्थापक कप्तान बुद्धिबल गुरुङ्गलाई अभिनन्दन गर्नुका साथै बुद्धचोक तमु आमा समूहको सक्रियतामा विभिन्न श्रद्धालु भक्तजनहरूको आर्थिक सहयोगमा रु. ४ लाख ५० हजारको लागतमा निर्मित पक्की भवनको उद्घाटन गर्नुभएको थियो । त्यस्तै उहाँले तमु सेवा सहयोग समिति पार्दी र बुद्धचोक तमु आमा समूहलाई कदरपत्र वितरण गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

बौद्ध अर्घौं सदनका अध्यक्ष शंकर गुरुङ्गको सभापतित्वमा सम्पन्न सो समारोहमा धर्मोदय सभाका अध्यक्ष हरिध्वज तुलाचन, सहप्राध्यापक छत्रराज शाक्य, भिक्षु कौण्डञ्ञ, उपाध्यक्ष उमाध्वज गुरुङ्ग र पूर्व अध्यक्ष बीलबहादुर गुरूङ्गले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

**ललितपुर**, २५४२ औं बुद्ध जयन्ती समारोह समिति, मयूरवर्ण महाविहार भिन्छेबाहा: ललितपुरको आयोजनामा साप्ताहिक बुद्ध पूर्णिमा महोत्सव मनाइएको समाचार प्राप्त भएको छ ।

२०५५ बैशाख २२ गते देखि २८ गते सम्म संचालित सो कार्यक्रममा भिक्षु बुद्धघोष महास्थविर समक्ष शील प्रार्थना, माननिय स्वास्थ्य मन्त्रीको तर्फबाट स्वास्थ्य शिविर समुद्‌घाटन गरिएको थियो ।

भिक्षु अश्वघोष महास्थविर, भिक्षु सुदर्शन महास्थविर, पं. दिब्य बज्र बज्राचार्य, सुवर्ण शाक्य र मीन बहादुर शाक्य, आदिबाट धर्मदिशना गर्नुभएको सो समारोहमा अन्य विभिन्न वक्ताहरूले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए ।

डा. शंकरबहादुर श्रेष्ठ (जनरल) नेत्र बिशेषज्ञ डा. मोहन राज बज्राचार्य आदिबाट विभिन्न रोगीहरूको स्वास्थ्य परिक्षण समेत गरिएको उक्त कार्यक्रममा सम्माननीय प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइरालाले बौद्ध झण्डोत्तोलन र बुद्ध प्रतिमामा पुष्प पूजा गरी कार्यक्रम समुद्‌घाटन गर्नुभएको थियो । स्मरणीय छ उक्त बौद्ध सभामा प्रमुख अतिथिको आसनबाट सम्माननीय प्रधानमन्त्रीले "त्रिभुवन अन्तरराष्ट्रिय विमान स्थल जाने सडक अगाडि कोटेश्वर तीनकुनेमा एउटा आकर्षक पार्क निर्माण गरी त्यहाँ भगवान बुद्धको प्रतिमा प्रतिस्थापना गर्नु पर्ने सोचाई रहेको कुरा अभिव्यक्त गर्नुभएको थियो ।

प्रधान मन्त्री कोइरालाले मयुरवर्ण महाविहार-द्वारा प्रकाशित सो महाविहारको इतिहास र बुद्ध जयन्ती स्मारिकाको पनि बिमोचन गर्नुभएको थियो ।

राष्ट्रिय सभाका अध्यक्ष बेनीबहादुर कार्कीले बुद्धका उपदेश विश्वका लागि अहिलेसम्म पनि त्यत्तिकै सान्दर्भिक रहेको कुरो बताउनु भयो ।

सो अवसरमा प्रधानमन्त्री कोइरालाले लामो समयदेखि बौद्ध धर्म, संस्कृति, लिपि र पुरातात्त्विक वस्तुहरूको अन्वेषण गर्ने पण्डित हेमराज शाक्यलाई दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो ।

सानुकाजी वज्राचार्यको सभापतित्त्वमा सम्पन्न सो सभामा ललितपुर उपमहानगरपालिकाका प्रमुख बुद्धिराज बज्राचार्य, पूर्व नगर प्रमुख बेखारत्न शाक्य, बुद्ध जयन्ती मूल समारोह समितिका जुजुसेन वज्राचार्य र उपाध्यक्ष तेजरत्न वज्राचार्यले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । विभिन्न समूहहरूबाट ज्ञानमाला भजन गरिएको उक्त समारोहमा प्रभातफेरी, वाय्‌च वितरण, बुद्ध पूजा र बुद्ध प्रतिमा सहित बिभिन्न वाजागाजाका साथै नगर परिक्रमा समेत गरी भव्य रूपले बुद्ध पूर्णिमा महोत्सव मनाइएको थियो ।

**काठमाडौं**, डा. डिल्लीरमण रेग्मी ट्रष्ट तथा गौतम बुद्ध प्रतिष्ठानको संयुक्त आयोजनामा काठमाडौंमा "विश्व शान्ति दिवस" समारोहको आयोजना गरिएको थियो ।

समारोहमा राष्ट्रिय सभाका अध्यक्ष बेनी बहादुर कार्कीले बुद्धको नामले नेपालको परिचय अन्तर्राष्ट्रिय जगतमा भएको चर्चा गर्दै बुद्धको दर्शनलाई व्यवहारमा ल्याउन सके मात्र बुद्धप्रति सच्चा श्रद्धाञ्जली हुने विचार व्यक्त गर्नुभयो ।

डिल्लीरमण रेग्मी ट्रष्टका संरक्षक डा. डिल्लीरमण रेग्मीले सभापतिको आसनबाट बोल्नुहुँदै मानवता सबैभन्दा ठूलो कुरो हो, बुद्धले पनि यही कुरालाई जोड दिनु भएको छ भन्नुभयो ।

नयाँ रा.प्र.पा. का अध्यक्ष राजेश्वर देवकोटाले असमानताको अन्त्य गर्नु नै बुद्धको प्रमुख लक्ष रहेको कुरा बताउनु भयो । रोनाष्टका उपकुलपति दयानन्द बज्राचार्यले भगवान बुद्धका दर्शन कैयौं शताव्दी पछि पनि जीवन्त रहनुको अर्थ त्यसमा वैज्ञानिक सत्यता हुनु हो भन्ने विचार व्यक्त गर्नुभयो ।

**प्रवचन कार्यक्रम (काठमाडौं)**, साहित्यकार घनश्याम राजकर्णिकार द्वारा "आजको सन्दर्भमा भगवान बुद्धको विचार" विषयक प्रवचन कार्यक्रमको आयोजना गरिएको थियो ।

सो अवसरमा उहाँले नेपालमा जन्मेर पनि विश्वलाई शाश्वत उपदेश दिने बुद्ध नेपालका मोती, एसियाका ज्योति र संसारकै देवता हुन् भन्दै अशान्ति, हिंसा र द्वेषले आक्रान्त आजको विश्वमा बुद्धका विचार र दर्शनको महत्त्व उत्तिकै रहेको कुरो बताउनु भयो ।

भिक्षु सुमंगल महास्थविरको सभापतित्त्वमा भएको सो समारोहमा भिक्षु बोधिसेन, साहित्यकार तेजेश्वर बाबु ग्वंग: प्रा.कृष्ण गौतमले बुद्धका देन र उपदेशबारे चर्चा गर्नु भएको थियो ।

### बुद्धको पूर्णाकदको प्रतिमा अनावरण

**काठमाडौं**, पाटन ज्याथा निवासी ५५ वर्षीय कलाकार सिद्धि राज शाक्यद्वारा करीव ६ फीट उचाई रहेको बुद्धको पूर्णकदको प्रतिमा (तामाको धातुमाथि सुनको मोलम्बा लगाइएको) बैशाख २७ गते प्रधानमन्त्री


Downloaded from http://www.dhamma.digital

गिरिजा प्रसाद कोइरालाले अनावरण गर्नु भएको समाचार प्राप्त भएको छ । २५४२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमिति सहयोग समूहको सक्रियतामा स्वयम्भू विश्वशान्ति पोखरीमा निर्मित उक्त मूर्ति समाजसेवी कर्मा नेपालीको आर्थिक सहयोगमा निर्माण गरिएको थियो ।

महासमितिका महासचिव महेन्द्र रत्न बुद्धाचार्यले संस्थाको प्रगति प्रतिवेदन प्रस्तुत गर्दै महासमितिको विश्वशान्ति पोखरी क्षेत्रलाई पानी पोखरी बगैंचा र स्वयम्भू क्षेत्रलाई एक खुला संग्रहालयको रूपमा स्थापित गर्ने दीर्घकालीन कार्यक्रम रहेको जानकारी दिनुभयो । स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमितिको अध्यक्ष रत्नबहादुर बज्राचार्यको सभापतित्त्वमा भएको सो कार्यक्रममा सहयोग समूहका सल्लाहकार प्रयागराज सिंह सुवाल, संयोजक चक्रमान डंगोल र जर्मनी नागरिक सविना लेमनले पनि आ-आफ्नो मन्तब्य व्यक्त गर्नु भयो ।

**बुद्ध पूर्णिमाको उपलक्ष्यमा शुभकामना सन्देश**

२५४२ औं बुद्ध पूर्णिमाको उपलक्षमा प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइरालाले शुभकामना सन्देश दिनुहुँदै भन्नु भयो- "विश्वलाई शान्तिको मार्ग देखाउने बुद्धको जन्मभूमी हाम्रो देश भएकोले आजको दिन नेपालीका लागि विशेष गौरवको हुनु स्वाभाविकै हो ।

भगवान बुद्धको सन्देशले समस्त मानव जातिलाई हिंसा र अहंकारबाट मुक्त गरी शान्ती र सहिष्णुताको मार्ग अवलम्बन गर्न प्रेरित गरेको छ ।

शान्तिको सन्देश विश्वभरी नै प्रज्ज्वलित हुन र अहिंसा, शान्ति सहिष्णुता र भातृत्वको भावना बृद्धी गर्न हामी सबैलाई प्रेरणा मिलोस् भन्ने शुभकामना ब्यक्त गर्दछु ।"

**अद्वैत संस्थामा बुद्ध पूर्णिमा महोत्सव**

बुद्ध पूर्णिमा, पक्षब्यापी महासत्संग समारोहको बाह्रौं दिन, एवं अद्वैत संस्थाका कुलपति प्रताप चक्रवर्तीको ४९ औं शुभ जन्मोत्सवको उपलक्षमा विभिन्न कार्यक्रमहरू गरी भव्य रूपमा सम्पन्न भएको समाचार प्राप्त भएको छ । उक्त अवसरमा ब्रम्हज्ञानी श्री गुरुदेव डा. क्षितीशचन्द्र चक्रवर्तीद्वारा लिखित "भगवान बुद्ध र शंकराचार्य" लेख पढेर सुनाइएको थियो ।

**धर्मप्रचारार्थ भिक्षु भिक्षुणीहरू कहाँ कहाँ पुगे ?**

२५४२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा बुद्धको शिक्षा (बहुजन हिताय बहुजन सुखाय) लाई अनुगमन गर्दै भिक्षु भिक्षुणीहरू नेपाल अधिराज्यका विभिन्न स्थानहरूमा पुग्नु भएको थियो । यसरी काठमाडौं बाहिर गई धर्म प्रचार गरेको कार्यलाई सफल र राम्रो कार्य मानिने चलन छ आजभोली । बाहिर गई धर्मप्रचार गर्नुहुने भिक्षु भिक्षुणीहरूको नामावली यस प्रकारछन्:-

१. भिक्षु अश्वघोष - बाग्लुङ, बेनी र म्याग्दी
२. भिक्षु श्रद्धानन्द - विराटनगर
३. भिक्षु कौण्डञ्ञ - पोखरा
४. भिक्षु निग्रोध - धरान
५. भिक्षु आनन्द - भोजपुर
६. भिक्षु विशुद्धानन्द - धादिङ्ग
७. भिक्षुणी सुजाता - विरगंज
८. भिक्षुणी कुशुम र चन्द्रशीला - नारायणगढ
९. भिक्षु अशोककीर्ति- सप्तरी

**साप्ताहिक ज्ञानमाला भजन कार्यक्रम**

२५४२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा ज्ञानमाला भजन खल: स्वयम्भूले २०५५ वैशाख २१ गते देखि २८ गतेसम्म क्रमश: शोभाभगवती (काठमाडौं), भिन्छेवहाल (ललितपुर), बुद्धबारी, धर्मस्थली, मुसुंबहा बरेननी, फुसिंख्य: (मनमैजु), ध्यानकुटी (बनेपा), हाडिगाउँ, आनन्दकुटी विहार (स्वयम्भू) आदि विभिन्न स्थानहरूमा ज्ञानमाला भजनको कार्यक्रम संचालन गरिएको समाचार छ ।

**दोलखामा बौद्ध जागरण शिविर**

बौद्ध जागरण लामा संघ दोलखाको आयोजना र हिमाली बौद्ध शिक्षण संस्थाद्वारा प्रायोजित तेश्रो जिल्लाब्यापी बौद्ध जागरण तथा लामा प्रशिक्षण शिविरको उद्घाटन २०५२ बैशाख १२ गते सुसम्पन्न भएको समाचार छ ।

उक्त शिविर उद्घाटन गर्नुहुँदै श्री ङवाङ्ग वोशेर लामाले भन्नुभयो- "बुद्ध शिक्षा शास्वतवाद र उच्छेदवादले नछोइएको मध्यम मार्ग हो । तर शान्तिका अग्रदूत बुद्धको जन्मथलो नेपाल हाल उपेक्षित रहेको छ । बुद्ध अनुयायीको रूपमा रहेका जनताले बुद्ध शिक्षा धारण मात्र होइन पालन पनि गर्नु जरूरी छ ।" यसरी नै आ-आफ्नो मन्तब्य ब्यक्त गर्नुहुने विभिन्न महानुभावहरू यसरी हुनुहुन्थ्यो ।

नेपाल कम्युनिष्ट पार्टी मालेका सांसद श्री वाङ्दे शेर्पा, दोलखा जिल्लाका प्र.जि.अ. श्री हरिहर शर्मा, जिल्ला न्यायाधिश श्री कुमार प्रसाद पोखरेल, नेपाल तामाङ्ग घेडुङ्ग संघका केन्द्रिय अध्यक्ष श्री कर्म सिद्धि लामा, नेपाली काँग्रेसका जिल्ला सभापति श्री ताराबहादुर कोइराला, ने.क.पा.एमाले, रा.प्र.पा.का प्रतिनिधिहरू, नेपाल बुद्ध धर्म समितिका जिल्ला सदस्य सचिव श्री नोसङि शेर्पा, समाजसेवी आत्मकृष्ण श्रेष्ठ, सुमदोर्जे लामा, पेम्बा लामा, मिङमा शेर्पा,



Downloaded from http://www.dhamma.digital

थीर बहादुर मोक्तान, प्रशिक्षकद्वय श्री हर्षमुनि शाक्य, श्री चन्द्रकाजी शाक्य र ङवाङ्ग वोशेर लामा आदि ।

समापन समारोहका दिन सोलुखुम्बु जिल्ला तेङपोछे गोम्पाबाट आउनु भएका प्रमुख अवतारी लामा श्री तेङपो रिम्पोछेले प्रशिक्षणमा सहभागी भएका प्रशिक्षार्थी लामाहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

हिमाली बौद्ध शिक्षण संस्था ललितपुर र बौद्ध जागरण लामा संघ दोलखाले आयोजना गरेको उक्त ५ दिने प्रशिक्षण शिविरमा दोलखा जिल्लाको सम्पूर्ण लामाहरू र सिन्धुपाल्चोक र रामेछाप जिल्लाका लामा प्रतिनिधिहरू समेत गरी जम्मा ९५ जवान सहभागी लामा तथा उपासकहरूले भाग लिनुभएका थिए ।

प्रशिक्षण शिविरका प्रशिक्षकहरू र विषयहरू यसप्रकार रहेको बुझिन्छ ।

(१) तेङपोछे औतारी लामा गुरु - दीर्घायुको अभिषेक
(२) चन्द्रकाजी शाक्य - चतुआर्य सत्य
(३) हर्ष मुनि शाक्य - बौद्ध धर्म र जनजाती
(४) ङवाङ वोशेर लामा - चतुआर्य सत्यको आधारमा बुद्ध शिक्षाको समसामयिक विषय ।

### बुद्ध पूर्णिमा महोत्सव

**दमौली**, २५४२ औं बुद्ध पूर्णिमा महोत्सवको उपलक्ष्यमा तनहुँको दुलेगौंडामा गुरुङ्ग समाजद्वारा निर्माण गरिएको बौद्ध गुम्बाको उद्घाटन गरिएको समाचार छ । तमु छोज धिंका केन्द्रिय महासचिव श्रीप्रसाद गुरुङ्गले गुम्बा उद्घाटन गर्नुहुँदै भन्नुभयो- "बुद्धले विश्वलाई अहिंसाको बाटो सिकाई मानव जातिको कल्याण गर्नुभएको छ ।" समारोहलाई सम्बोधन गर्नुहुँदै उद्योग तथा श्रम राज्यमन्त्री अमरराज कैनीले भन्नुभयो- "एक धर्मले अर्को धर्मलाई सम्मान गर्ने परिपाटीको थालनी गर्न सकेमा नै बौद्ध धर्मको सार्थकता रहने छ । बुद्धले हिंसामा हिंड्नेहरूलाई अहिंसाको बाटोतिर लैजाने प्रेरणादायी भूमिका निभाउनु भएको थियो ।"

दलमान गुरुङ्गको सभापतित्त्वमा सम्पन्न भएको सो कार्यक्रममा विश्वबहादुर अधिकारी, पूर्णबहादुर गुरुङ्ग, भक्तबहादुर रिमाल आदि वक्ताहरूले आ-आफ्नो मन्तब्य प्रकट गरेका थिए ।

### बुद्ध विहार निर्माण गर्ने

२५४२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा बनेपाको ध्यानकुटी विहारमा सोही विहारको आयोजनामा दुईदिने गोष्ठी सम्पन्न भएको समाचार छ । उक्त कार्यक्रममा बनेपा नगरपालिकाका मेयर डा. सुरेन्द्रबहादुर वादे श्रेष्ठले उद्घाटन भाषणको क्रममा धागुँ डाँडामा बनाइने सिद्धार्थ विश्वविद्यालयको कार्य सुलभताको लागि सिद्धार्थ विहार बनाइने र नगरपालिकाको तर्फबाट ७ सय रोपनी जग्गा विश्वविद्यालय स्थापनार्थ प्रदान गरिने वचनवद्धता व्यक्त गर्नुभएको थियो ।

पहिलो दिन भिक्षु अश्वघोष महास्थविरको सभापतित्त्वमा र दोश्रो दिन सिद्धार्थ विश्वविद्यालय प्रबन्ध तथा योजना परिचालन अध्यक्ष भिक्षु डा. सुनन्द महास्थविरको सभापतित्त्वमा संचालित उक्त गोष्ठीमा बौद्ध विद्वान कनकद्वीप बज्राचार्य, हर्षमुनी शाक्य, शिक्षाविद् बलराम हमाल, ऐश्वर्यलाल प्रधानाङ्ग, बुद्धाचार्य शाक्य, भिक्षुणी वीर्यवती र कीर्ति तुलाधरले सिद्धार्थ विश्वविद्यालय स्थापनाको महत्त्व बारे प्रकाश पार्नु हुँदै आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए ।

उक्त गोष्ठीमा स्वयम्भू ज्ञानमाला भजन खलः र वाङ्खचो ज्ञानमाला भजन खलः, बनेपाबाट भजन संगीतको आयोजना गरिएको थियो भने संगीतकार किरण शाक्य र साथीहरूले सिद्धार्थ विश्वविद्यालयको गीत पनि प्रस्तुत गर्नुभएको थियो ।

### बुद्ध पूर्णिमाको उपलक्ष्यमा निःशुल्क स्वास्थ्य शिविर

**भक्तपुर**, २५४२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा क्वाथण्डौ स्थित प्रशन्नशील महाविहार (दीपंकर विहार) मा अक्षेयश्वर महाविहार ललितपुरको स्वास्थ्य केन्द्रको तर्फबाट निःशुल्क स्वास्थ्य शिविर संचालन भएको समाचार प्राप्त भएको छ । युवा बौद्ध पुचः र हरित युवा संघको संयुक्त तत्त्वावधानमा सम्पन्न भएको उक्त कार्यक्रममा रोगीहरूको नाक, घाँटी र कान जाँचिएको थियो । १०३ रोगीहरूको स्वास्थ्य परिक्षण गरिएको उक्त शिविरमा रोगीहरूलाई निःशुल्क औषधी पनि वितरण गरिएको थियो ।

### बुद्ध पूर्णिमा महोत्सव

**तानसेन**, पाल्पा २०५५ । २०४२ औं बुद्ध पूर्णिमाको पुनीत उपलक्ष्यमा तानसेन टक्सार स्थित ज्ञानमाला सभा, बौद्ध महिला संघ महाचैत्य विहार र युवक बौद्ध मण्डल पाल्पाको संयुक्त रूपमा विभिन्न कार्यक्रमहरू राखी बुद्ध पूर्णिमा महोत्सव मनाइएको समाचार छ ।

बैशाख २७ गते दिउँसो महाचैत्य विहारमा हाजिरी जवाफ प्रतियोगिता, साँझ बुद्धको जन्मस्थल लुम्बिनीमा प्रस्थान गरी दीपयात्रा, ज्ञानमाला भजन गरिएको थियो ।

बैशाख २८ गते लुम्बिनी स्थित सबै विहारहरूमा राखिएको बुद्धको दर्शन, बुद्धको रथ यात्रामा ज्ञानमाला भजन गायन सहित परिक्रमा र शील प्रार्थना पछि ज्ञानमाला सभाका अध्यक्ष कृष्णप्रसाद शाक्यले प्रवचन तथा मन्तव्य दिनुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

महाचैत्य विहार बैशाख २८ गते बुद्ध जयन्तीको दिन ज्ञानमाला सभा र बौद्ध महिलाहरूबाट प्रात: प्रभातफेरी, ज्ञानमाला भजन, बुद्ध पूजा, शील प्रार्थना, धर्मदेशना, प्रसाद वितरण ।

दिउँसो ४ बजे बुद्ध रथ यात्रामा भजन गायन सहित नगर परिक्रमा र साँझ महाचैत्य विहारमा प्रदिप पूजा गरिएको थियो ।

**बुद्ध पूर्णिमाको उपलक्ष्यमा हाजिरी जवाफ**

पाल्पाद्वारा २७ गते बैशाख २५४२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा ज्ञानमाला सभाद्वारा आयोजित नगर स्तरीय अन्तर मा.वि. बौद्ध हाजिरी जवाफ प्रतियोगितामा न्यू होराइजन स्कूल प्रथम, जनता मा.वि. दोश्रो र पाल्पा आवासीय मा.वि. तेश्रा भएका थिए । प्रमुख अतिथि नगर प्रमुख अशोक शाहीले बौद्ध धर्म मानव कल्याणको निमित्त भएको बताउँदै शील्ड, पुरस्कार वितरण गर्नुभयो । अन्तमा सभा अध्यक्ष कृष्णप्रसाद शाक्यबाट विजयी मा.वि.लाई बधाई दिंदै प्रमाणपत्र वितरण गर्नुभयो ।

**बौद्ध जागरण शिविर**

२०५५ जेठ १४, १५ र १६ गते । हिमाली बौद्ध अध्ययन संस्थानको प्रायोजन र भक्तपुर युवा बौद्ध पुच:को आयोजनामा तीनदिने बौद्ध जागरण शिविर भक्तपुरको बौद्ध समकृत विहार कुथुवहिमा सम्पन्न भएको समाचार छ ।

उक्त शिविरमा प्रशिक्षकहरू यसरी हुनुहुन्छ-

भिक्षु धम्मशोभन, भिक्षु अश्वघोष, भिक्षुणी धम्मवती, फणिन्द्र रत्न बज्राचार्य, हर्ष मुनी शाक्य, शाक्य सुरेन, मदन मानन्धर, मीन बहादुर शाक्य, रत्न सुन्दर शाक्य र अमीता धाख्वा: ।

**बौद्ध जागरण गुम्बा पूजा**

स्वयम्भू ज्ञानमाला भजन खल:को आयोजनामा जेठ ९ गते देखि शुरू गरिएको चौथो बौद्ध जागरण गुम्बा पूजा भक्तपुर आदि पद्म गुम्वा कमल विनायकमा शुरू भएको समाचार छ । बिहान ८ बजे देखि ज्ञानमाला भजन, शील प्रार्थना, बुद्धपूजा र धर्मदेशना आदि कार्यक्रम गरी समापन गरिएको उक्त गुम्बा पूजामा अनुशासन र शान्त वातावरण बनाई बुद्ध शिक्षालाई व्यवहारमा प्रयोग गर्न सक्नु नै बौद्ध जागरण हो भन्ने कुरामा चर्चा गरिएको थियो । आदि पद्म विहार संरक्षक बिकु बहादुर र चैत्यरत्न शाक्यहरूको ज्ञानमालाद्वारा सम्मान गरेको थियो ।

उक्त बौद्ध जागरण समारोहमा भिक्षु अश्वघोष र आदि पद्म गुम्बावासी भिक्षु प्रज्ञाभद्रले धर्मदेशना गर्नुभएको थियो । श्री सुवर्ण शाक्य, शान्तरत्न शाक्य, किरण जोशी र चैत्यरत्न शाक्यले बोल्नु भएको थियो ।

**संघाराममा बुद्ध जीवनी प्रदर्शनी**

२५४२ सौं बुद्ध पूर्णिमाको उपलक्षमा युवा बौद्ध समूह काठमाडौंको आयोजनामा संघाराममा अति आकर्षित ढंगले झाँकी र चित्रकला प्रदर्शनी गरिएको समाचार छ ।

**बुद्ध पूर्णिमा महोत्सव**

**बनेपा**, २५४२ औं बुद्ध पूर्णिमाको उपलक्षमा बिभिन्न कार्यक्रमहरू संचालन गरी भव्य रूपमा महोत्सव मनाइएको समाचार छ ।

स्थानिय सुदर्शन विहारबाट सजाइएको खटमा बुद्धमूर्ति राखी बिभिन्न बाजागाजा सहित नगर परिक्रमा गरिएको थियो । बोधिचर्या विहारमा शील प्रार्थना, बुद्ध पूजा तथा धर्मदेशना समेत गरिएको थियो ।

**साप्ताहिक कार्यक्रम**, बनेपा बुद्ध जयन्ती समारोह समितिको तर्फबाट निम्न लिखित स्थानहरूमा ज्ञानमाला भजन र धर्मदेशना सम्पन्न गरिएको थियो ।

स्थानहरू: भैंसेपाटी, संखु, पाँचखाल, धुलिखेल, श्रीखण्डपुर र सांगा ।

धर्मदेशना गर्नेहरू: भिक्षु बोधिसेन, भिक्षु धम्म शोभन, भिक्षु निग्रोध, भिक्षु सुशील, भिक्षु कोण्डञ्ञ र भिक्षु अस्सजित आदि ।

वांख्यो ज्ञानमाला र बोधिचर्या ज्ञानमाला भजनको संयुक्त आयोजनामा भजन भएको थियो ।

**फलफुल बितरण**, सधैं झैं यसपाली पनि २५४२ औं बुद्ध पूर्णिमाको उपलक्षमा ध्यानकुटी संरक्षण समितिद्वारा बनेपाको अस्पतालमा उपचार गरिरहेका बिरामीहरू र स्टाफहरूलाई समेत फलफुल र केक वितरण गरिएको थियो ।

**भोजपुरमा बुद्धपूर्णिमा** । शाक्यमुनि विहारको आयोजनामा बैशाख २५ गते देखि विभिन्न रचनात्मक कार्यक्रमहरू बनाई २५४२ औं बुद्ध पूर्णिमा महोत्सव मनाइएको समाचार प्राप्त भएको छ । संघारामका भिक्षु आनन्दबाट सारगर्भित बुद्ध शिक्षामा आधारित प्रवचन सुन्न पाएकोले भोजपुर निवासी उपासक उपासिकाहरू प्रभावित भएको चर्चा छ । समाचारमा उल्लेखित कार्यक्रम यस प्रकार रहेको बुझिन्छ ।

२५ गते - बौद्ध हाजिरी जवाफ प्रतियोगिता ।

२७ गते - अस्पतालमा फलफुल वितरण ।

२८ गते - शील प्रार्थना र बुद्ध पूजा, धर्मदेशना र दान प्रदान शोभायात्रा र शोभायात्रापछि श्री देवराज शाक्यको अध्यक्षतामा बौद्ध सभा ।

२९ र ३० गते - भोजपुर सदरमुकाममा शेरवहादुर र शरण मुक्तानहरूको आयोजनामा संचालित दुई दिन प्रवचन गोष्ठीमा भिक्षु आनन्दबाट बुद्ध सन्देशबारे वृहत रूपमा ब्याख्या सहित प्रवचन ।



Downloaded from http://www.dhamma.digital

**धादिङ्ग,** ९०% तामाङ्ग जाति भएको धादिङ्ग जिल्ला सेमजोङ्ग गा.वि.स.मा पहिलो पटक २५४२ औं बुद्ध पूर्णिमा मनाइएको समाचार प्राप्त भएको छ। सेमजोङ्ग बुद्ध विहार समितिका अध्यक्ष श्री पन्चा बहादुर झम्पाबाट स्वागत भाषण गरिएको सो समारोहमा युवा बिद्यार्थीहरूबाट पूजा, बुद्ध पूजा, बुद्ध गीतहरू गाइएको थियो । चौतारा सेमजोङ्गमा शान्ति पदयात्रा गरेपछि भिक्षु विशुद्धानन्दबाट धर्मदेशना र अन्य महानुभावहरूबाट आ-आफ्नो मन्तव्य प्रकट गरिएको थियो । भिक्षु विशुद्धानन्दले केही महिना अगाडि धादिङ्गमा सम्यक पूजापाठ र सम्यक गीतहरू सिकाई घरघरमा बुद्ध झण्डा राख्न प्रेरणा दिनुभएको थियो । वहाँको प्रेरणाबाट फुर्माल तामाङ्गले विहार बनाउन जग्गा दान दिनु भएको थियो ।

**तानसेन,** बुद्ध विहार होलङ्गदीमा करूणा बौद्ध संघको आयोजनामा २५४२ औं बुद्ध पूर्णिमाको उपलक्षमा एक धार्मिक समारोह मनाइएको समाचार छ । विश्वमान बज्राचार्यको अध्यक्षतामा संचालित प्रवचन कार्यक्रममा विभिन्न वक्ताहरूले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएका थिए । अध्यक्ष श्री छत्रराज शाक्य पोखरा जानु भएको कारणले उहाँको शुभकामना पत्र पनि पढेर सुनाइएको थियो । जेठ १ गते श्री धर्मज्योती महास्थविरज्यूबाट धर्मदेशना भएको थियो । बुद्ध विहार दुई कोठा अरू थप्नका लागि "विहार भवन निर्माण समिति" गठन गरी जेठ ४ गते देखि निर्माण कार्य शुरू गर्ने कुरो प्रष्टाइएको छ । "बैशाख पूर्णिमा कसरी मनाउने ?" भन्ने विषयमा छलफल कार्यक्रम राखिएको फलस्वरूप आगामी बुद्ध पूर्णिमा मनाउँदा विभिन्न बौद्ध विहारहरूका कार्यक्रमहरू बिच समन्वय गर्दै जिल्लास्तरिय समारोह समिति अन्तरगत कार्यक्रम बनाई मनाउनु राम्रो हुनेछ भनी विभिन्न बौद्ध संस्थाहरूका अध्यक्षहरूले आ-आफ्नो मन्तव्य प्रकट गर्नु भएको थियो ।

**बेत्रावती, त्रिशुली । सुगतमुनि बुद्ध विहार ।** २०५५ बैशाख २८ गतेका दिन गेर्खु गा.बि.स. बैत्रावतीमा मंगल र तुलसीदास डंगोलको नेतृत्त्वमा स्थानिय जनताहरूबाट बिहान पूजापाठ र दिउँसो बुद्ध प्रतिमालाई बजार परिक्रमा गरी भव्य रूपमा बुद्ध पूर्णिमा मनाइएको समाचार छ ।

**बुटवल,** २५४२ औं बुद्ध पूर्णिमाको उपलक्षमा धर्मोदय सभा बुटवल शाखाले बुटवल नगरमा पाँचदिने बिबिध कार्यक्रमहरूको आयोजना गरी बुद्ध पूर्णिमा मनाइएको समाचार प्राप्त भएको छ ।

नगर स्तरिय अन्तर मा.वि. बौद्ध हाजिरी जवाफ प्रतियोगिता र नि:शुल्क स्वास्थ्य शिविर (२५३ जवान रोगीहरूको स्वास्थ्य परिक्षण गरी नि:शुल्क औषधि वितरण) संचालन गरिएको थियो । यस कार्यक्रममा नेपाल चिकित्सक संघको तर्फबाट मेडिकल सुपरिन्टेण्डेन्त डा. बाबुलाल शाह, डा. धुरन साहु र डा. विष्णु प्रशाद शर्माको सहयोग प्राप्त भएको थियो । त्यसरी नै देवदह गा.वि.स. परिवार, समाजसेवी श्री अमृत लाल शाक्य, नेपाल स्वास्थ्य कर्मी संघ, नेपाल मेडिकल रिप्रिजेन्टेटिन्न एण्ड सेल्स एसोसियसन, जन स्वास्थ्य शाखा, पश्चिमाञ्चल क्षेत्रिय मेडिकल स्टोर, अञ्चल अस्पताल व्यवस्थापन समिति र बुटवल नगरपालिका आदि संस्थाहरूबाट आवश्यक सहयोगहरू प्राप्त भएका थिए ।

बैशाख २८ गते पद्म चैत्य विहारमा प्रमुख अतिथी पुज्य भिक्षु चुन्द महास्थविरबाट पुरस्कार वितरण भएको थियो ।

**बलम्बु विहार बौद्ध परियत्ति ब्वना च्वंपिं विद्यार्थी पिन्त मागु खर्चया लागि आर्थिक सहयोग बियादीपिं:**

| | | |
|---|---|---|
| १. | भिक्षु मंगल, बलम्बु | ५,०००/– |
| २. | जनकदेवी श्रेष्ठ छत्रपाटी | ५,०००/– |
| ३. | सारदा व प्रेमदास श्रेष्ठ, ठमेल | १,०००/– |
| ४. | लक्ष्मण इश्वर श्रेष्ठ, सात घुम्ते | १,०००/– |
| ५. | इश्वर कमल श्रेष्ठ, जमल | १,०००/– |
| ६. | उत्तरमाया श्रेष्ठ, न्यूरोड | १,०००/– |
| ७. | मिनामोठमा, टेकु | १,०००/– |
| ८. | मदनदास शाक्य व सारदा शाक्य | ५००/– |
| ९. | सान्नानी मानन्धर, मरु | १,०००/– |
| | | १६,५००/– |

बरदेश मानन्धर, छेत्रपाटी पाखे प्रत्येक महिना रु. २५०/– सहयोग ।

थेरवाद बौद्ध धर्म विकासया लागि आर्थिक सहयोग याना विज्यापिन्त बलम्बु विहारया भिक्षु अनगारिका व उपासक उपासिका पाखें यको-यको धन्यवाद बिया च्वनागु दु ।

**सुगतपुर विहारय् विशेष कार्यक्रम**

२५४२ औ बुद्ध पूर्णिमा त्रिशुली, सुगतपुर बौद्ध मण्डलया गोसाकथं सुगतपुर विहार (त्रिशुली) २५४२ क्यंगु "बुद्ध पूर्णिमा" बैशाख पुन्हि खुनु किर्तिपुर नगर मण्डप विहारं बिज्यापिं भिक्षु धम्मकिर्तीपाखें शिल प्रार्थना, श्रामणेर सुमन किर्तीपाखें बुद्ध पूजा व भिक्षु चन्द्र किर्ती, वोधिरत्न शाक्यपाखें धर्मदेशना जूगु जुल । न्हिनेसिया ज्या: झ्व कथं बाजा-गाजा सहित भिक्षुपिं, लामागुरुपिं व श्रद्धालु उपासक उपासिकापिं मुना बुद्धया प्रतिमाया रथ नगर परिक्रमा याना क्वचाय्कूगु समाचार प्राप्त जूगु दु ।



Downloaded from http://www.dhamma.digital

### स्वाँया पुन्हीया लसताय्

थाय्- यल, सुवर्ण छत्रपुर विहार । २५४२ गू स्वाँया पुन्हीया लसताय् चेतनमाला भजन, ज्ञानमाला भजन, बुद्धपूजा, शील प्रार्थना, धर्मदेशना आदि ज्याझ्वःत न्ह्याकाः सिधय्कूगु दु । थीथी बाजा खलःत सामेल जूगु उगु ज्याझ्वलय् बुद्धमूर्ति सहित नगर परिक्रमा नं जूगु खः । भन्तेयापाखें धर्मदेशना जूगु उगु ज्याझ्वलय् विहारया कोषाध्यक्ष भाजु पूर्णमान महर्जनं नं थःगु मन्तव्य प्वंका दिल । नगर परिक्रमा धुंकाः विहारे थ्यंकाः विहारया सचिव रामगोपाल सिंहं फुक्क बाजा खलः व उपासक उपासिकापिन्त लसकुस व सुभाय् देछाना दिल ।

### ज्ञानमाला बौद्ध जागरण बाहाःपूजा

चउलागाः षष्ठी, पाँगा । ज्ञानमाला भजन खलःया ग्वसालय् वंगु ने.सं. १११७ ज्याःपुन्हि निसें लय्लय् पत्तिकं न्हापांगु शनिवाः न्ह्याकावयाच्वंगु ज्ञानमाला बौद्ध जागरण बुद्धपूजा, धर्मदेशना, बाहाःपूजा पांगाया अशोक चैत्य न्ह्योने क्वचाःगु खवर दु ।

कान्छा बुद्ध बज्राचार्यजुं ध्वजामत च्याकाः उलेज्या याना बिज्याःगु थुगु बाहाःपूजा क्वचाःगु ज्याझ्वलय् भिक्षु कुमार काश्यप महास्थविरजुं बौद्ध ध्वांय् ब्वय्काः शीलप्रार्थना याका बिज्याःगु खः । भिक्षु अश्वघोष महास्थविरं धर्मदेशना याना बिज्याःगु उगु ज्याझ्वलय् भिक्षु सुदर्शन महास्थविर व भाजु सुवर्ण शाक्यं नं थथःगु मन्तव्य प्वंका बिज्याःगु खः ।

पांगाया देथाकुली मानसिं ज्यापु (ग्वीच्यादँ) दे नकिं सिलःमाया ज्यापुनी (ग्वीछदँ) व भक्तवहादुर डंगोल (ने.सं. १०६३ निसें भोटाहिटी सफू पसः चाय्का च्वनादीम्ह) वय्कःपिनि गुणानुस्मरण यासे वय्कःया काय्भाजु विश्व बहादुर डंगोलजुयात नं हनेज्या खलःया नायः भाजु शान्तरत्न शाक्यजुं हनापौ देछाना बिज्यात ।

पांगाया ज्ञानमाला न्ह्याइपु खलःया तःजिगु ग्वसाः खनाः लय्ताःपिं ज्ञानमाला खलःपिनि पाखें पवित्रकुटी विहारयात गुहालिकथं मुंगु प्यद्वः व भिंनितका दां हापंकथं न्ह्याइपु खलःया नायो सुकुराम ज्यापु महर्जनया ल्हाती नायो शान्तरत्न शाक्यजुं लःल्हाना दिल ।

दांभरिं शान्तकुमार चित्रकारजुं आर्थिक प्रतिवेदन प्रस्तुत यानादीगु थुगु ज्याझ्वलय् ल्यू दांभरि स्वयम्भुमान ताम्राकारं सुभाय् देछानादीगु खःसा छ्याञ्जे किरण कुमार जोशीजुं ज्याझ्वः न्ह्याकादीगु खः ।

**धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरूः-**

क्र.सं. २७७
तेजमाया उपासिका
भुरुँखेल (बुरांख्यो)
रु. १००५/-

क्र.सं. २७८
दिलशोभा ताम्राकार
प्याफल टोल, काठमाडौं
रु. १०००/-

क्र.सं. २७९
शर्मिला बज्राचार्य
कोपुण्डोल
रु. १००१/-

क्र.सं. २८०
गणेशमान श्रेष्ठ
भक्तपुर, तचपाल वडा नं. ३
रु. १००५/-

क्र.सं. २८१
जुजुभाई शाक्य
हःखा, ललितपुर
रु. ११००/-

क्र.सं. २८२
जगतराज शाक्य
हरिहर भवन, पुल्चोक ल.पु.
रु. १०१०/-

क्र.सं. २८३
रूप कुमार शाक्य
जावलाखेल, ल.पु.
रु. १०१०/-

क्र.सं. २८४
चन्द लक्ष्मि रंजित
डल्लु बजार, काठमाडौं ।
रु. १००५/-

क्र.सं. २८५
तुल्सी मानन्धर
श्रीघः काठमाडौं ।
रु. ११११/-

दिवंगत माता धनमाया तुलाधरया नामं विश्वलक्ष्मी तुलाधर ङतपाःचो पाखें धर्मकीर्ति पत्रिकायात रू १००/- चन्दा प्रदान यानागु जुल ।



Downloaded from http://www.dhamma.digital

## बिचाः हायुका

अनिच्चावत संखारा, उप्पाद वय धम्मिनो ।
उपज्जित्वा निरुज्झन्ति, तेसं ऊपसमो सुखो ॥

बुदिं : १९९४ जेष्ठ १ गते



मदुगु दिं : २०५५ बैशाख २७ गते

मदुम्हः रत्नमाया महर्जन

धर्मकीर्ति पत्रिकाया विशेष सदस्य वतुई च्वंम्ह मयूजु रत्नमाया महर्जन मदुगुलिं दुःखं कःपि छँजः पिन्सं संसार अनित्य खः धका थुइके फयेमा धैगु मनंतुसे बिचाः हायेका ।

"धर्मकीर्ति" पत्रिका

## बिचाः हायुका



बुदिं : १९७९ भाद्र

मदुगु दिं : २०५५ बैशाख ७ गते

मदुम्हः जुजुरत्न स्थापित

धर्मकीर्ति पत्रिकाया विशेष सदस्य थायमदुई च्वंम्ह भाजु जुजुरत्न स्थापित मदुगुलिं दुःखं कःपि छँजःपिन्सं संसार अनित्य खः धका थुइकेः फयेमा धका बिचा हायुका ।

"धर्मकीर्ति" पत्रिका



Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१




बुद्ध संबत २५४२ दँ स्वाँयापुन्हीया लसताय्

सकल नेपाःमि पिनिगु सुख, सम्बृद्धि व सुस्वास्थ्यया निंतिं

दुनुगलंनिसें भिंतुना !

अप्सरा
APSARA

फोनः (पस) २४२-३५५

च-१/८२७ ज्याथा त्वाः (यें) नेपाः

(छें) २५४-२०८

भिंगु लुँ, वहःया तिसा माःसा जिमित लुमंका दिसँ ।

**HAPPY VAISAKH FESTIVAL**
**2542 !**

***Remember us for:***

**Wholeseller of Electronics Equipments & Kitchen Equipments**

*

**New Laser Disc, Video CD Available for Hire & Sale**

**Super TV CENTRE**

**SUKRAPATH, KATHMANDU, NEPAL. PH: 230971**


मुद्रक : "न्यू नेपाल प्रेस" प्रधान कार्यालय : नक्साल, नागपोखरी पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४९४ काठमाडौं, नेपाल । फोन : ४२१४५०, ४१४७५३
व्यापारीक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २२१०३२, २२१४५०, फ्याक्स : (९७७-१) २५८६७८

Downloaded from http://www.dhamma.digital